मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**मधेशदृष्टिको अत्यन्त जरुरी सूचना**

**मधेश प्रदेश प्रकाशन समूह**द्वारा प्रकाशित ***मधेशदृष्टि दैनिक*** बागमती प्रदेशको हेटौँडादेखि मधेश प्रदेशको आर्थिक नगरी वीरगंज, प्रदेश राजधानी जनकपुरधाम हुँदै, लहान, राजविराजसम्म यहाँहरुको घरदैलो, कार्यालय, फर्म, पसलमा उपलब्ध गराइरहेका छौँ । यहाँहरुले दिनु भएको सल्लाह, सुझावअनुसार हामी पठनीय सामग्री प्रस्तुत गरेर बजारमा पाठकको मन जित्ने अभियानमा छौँ । यसैक्रममा वीरगंज बजारमा मधेशदृष्टि दैनिकको ग्राहक शुल्क भनेर केही अनधिकृत व्यक्तिहरुले रकम संकलन गरेको खबर हामीलाई प्राप्त भएको छ। हामीले वीरगंज र अन्यत्र पनि कसैसँग वार्षिक ग्राहक शुल्क उठाएका छैनौँ। उठाउन परे मधेशदृष्टि दैनिककै बिल भर्पाइमा रकम लिनेछौँ। आइन्दा कोही यसरी अनधिकृत ढंगले रकम उठाउन आएको पाइए सिधा ९८५५० २१२८१ वा ९८०७१ ७०९९५ र जनकपुरधाममा सुनील साहलाई ९८०८८ ३५१९८ मा खबर गरिदिनु हुन अनुरोध गर्दछौँ।

● वर्ष २ ● अंक २७७ ● २०८१ साल भाद्र ०९ गते आइतबार ● Sunday 25, August 2024 ● सूर्योदय: बिहान ५:४२ बजे ● सूर्यास्त: साँझ ६:३२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## जनकपुर उद्योग वाणिज्य संघमा निर्वाचनको रौनक



**निर्वाचन तालिका**
कुल मतदाता संख्याः ४ हजार ७५
भदौ ९ गतेः मतदाता नामावली सच्याउने
भदौ १० गतेः अन्तिम नामावली प्रकाशन
भदौ १३ गतेः मनोनयनपत्र वितरण
भदौ १४ गतेः मनोनयनपत्र दाखिला
भदौ १५ गतेः उम्मेदवारमाथि दाबी विरोध
भदौ १६ गतेः उम्मेदवारको दोस्रो नामावली प्रकाशन
भदौ १७ गतेः उम्मेदवारी फिर्ता, अन्तिम नामावली प्रकाशन
भदौ २१–२६ गतेः मतदाता परिचयपत्र वितरण
भदौ २९ गतेः मतदान





**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
जनकपुर उद्योग वाणिज्य संघको निर्वाचन कार्यतालिका सार्वजनिक भएसँगै उम्मेदवारले प्रचारप्रसारलाई तिव्रता दिएका छन् । निर्वाचन समितिले निर्वाचनको सम्पूर्ण तालिका सार्वजनिक गरेपछि उम्मेदवारहरु स्पर्धामा उत्रिएर मतदाताको मन जित्न लागेका छन् । मनोनयनपत्र दाखिला भदौ १४ गते हुने जानकारी निर्वाचन समितिका संयोजक ललित साहले जानकारी दिए ।

तालिकाअनुसार भदौ ७ गते मतदाता नामावली प्रकाशन गरिएको छ । भदौ ९ गते अर्थात् आज आइतबार मतदाता नामावलीमाथि दाबी विरोध तथा सच्याउने कार्य हुनेछ । सोमबार भदौ १० गते अन्तिम नामावली प्रकाशन गरिनेछ भने भदौ १३ गते मनोनयनपत्र वितरण गरिनेछ । भदौ १४ गते मनोनयनपत्र दाखिला कार्यक्रम छ । बिहान १० बजेदेखि ४ बजेसम्म उम्मेदवारी दाखिला हुनेछ । सोहीदिन साँझ ६ बजे उम्मेदवारको नामावली प्रकाशन गरिनेछ ।

निर्वाचन समितिका संयोजक साहले ४ हजार ७५ मतदाता रहेको जानकारी दिए ।

भदौ १५ गते उम्मेदवारमाथि दाबी विरोध, भदौ १६ गते उम्मेदवारको दोस्रो नामावली प्रकाशन, भदौ १७ गते बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म उम्मेदवारी फिर्ता, सोहीदिन साँझ ६ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन, भदौ २१ गतेदेखि २६ गतेसम्म मतदाता परिचयपत्र वितरण गरिने छ । भदौ २९ गते बिहान ८ बजेदेखि ५ बजेसम्म मतदान हुने जानकारी निर्वाचन समितिले जानकारी दिएको छ ।

निर्वाचन समितिले निर्वाचन तालिका सार्वजनिक गरेसँगै उम्मेदवारहरुले आआफ्नो एजेन्डासहित प्रचारप्रसारलाई तिव्रता दिएका छन् । अहिलेसम्म अध्यक्षमा तीनजना उम्मेवारले आफ्नो उम्मेदवारी घोषणा गरेर प्रचारप्रसारलाई तिव्रता दिएका छन् । उनिहरुले नगरको विभिन्न पसल पुगेर मत माग्न थालेका छन् ।

अध्यक्ष पदमा जितेन्द्र प्रसाद साह, सुरेन्द्र भण्डारी र मनिष रमण साहले उम्मेदवारी घोषणा गरेर प्रचारप्रसारलाई तिव्रता दिएका छन् । जितेन्द्र पूर्व वरिष्ठ उपाध्यक्ष हुन् भने मनिष निवर्तमान वरिष्ठ उपाध्यक्ष हुन् । भण्डारी पूर्वउपाध्यक्ष हुन् । तीनजनाबीचमै प्रतिस्पर्धा हुने अनुमान गरिएको छ ।

## वडाअध्यक्षले यौनशोषण गरे–नगरेको बुझ्न समिति



**सञ्जय मिश्रा**
**रौतहट ।**
विवाहित महिलाले वडाअध्यक्षमाथि यौनशोषणको आरोप लगाएपछि मौलापुर नगरपालिकाले घटनाको सत्यतथ्य बुझ्न छानबिन समिति गठन गरेको छ ।

मौलापुर–९ का वडाध्यक्ष श्यामकिशोर साहमाथि स्थानीय महिलाले यौन शोषणको आरोप लगाएपछि यसबारे बुझ्न नगरपालिकाले छानबिन गर्न समिति गठन गरेको हो ।

गाउँकी एक विवाहित महिलाले विगत ५ पाँच वर्षदेखि आफूलाई यौन शोषण गरेको आरोपबारे बुझ्न मेयर रिना साहको निर्देशनमा उपमेयर नागेन्द्र यादवको अध्यक्षतामा पाँच सदस्सीय छानबिन समिति गठन भएको छ । घटनाबारे सत्यतथ्य छानबिन गरी समितिले १५ दिनभित्र नगरपालिकामा प्रतिवेदन पेश गर्न भनिएको छ ।

समितिले घटनाको प्रतिवेदन पेश गरेपछि कस्तो किसिमको कारबाही हुने भन्ने सम्बन्धमा कार्यपालिकाले निर्णय लिने प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले बताए ।

छानबिन समितिमा वडा नम्बर १ का वडाध्यक्ष जयनाथ कुशवाह, कार्यपालिका सदस्य प्रतिमा साह, आशादेवी साह र अच्छेलाल साह (अधिकृत छैठौँ) सदस्य छन् ।

वडाअध्यक्षकै गाउँकी विवाहित महिलाले आफूसँग बिहे गर्ने प्रलोभन दिएर यौनशोषण गर्दै आएको आरोप लगाएको भिडियो सामाजिक सञ्जालमा भाइरल बनेपछि मौलापुर नगरपालिकाको शुक्रवार बसेको बैठकले छानबिन समिति गठन गरेको हो ।

# तपाईंलाई जुवाघरबाट फोन त आएन ?




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा सञ्चालित क्यासिनो (जुवाघर)हरु ग्राहकको खोजीमा लागेका छन् । बारा र पर्सामा सञ्चालनमा रहेका क्यासिनोले ग्राहक अभाव हुँनथालेपछि फोन गरेर बोलाउन थालेका छन् । त्यसैले तपाईंको पति, छोरा, भाइ, आफन्तको मोबाइलमा राति नयाँ नम्बरबाट फोन आयो भने सचेत हुनुहोला, यो क्यासिनोको नम्बर पनि हुनसक्छ, तपाईंको घरमा रहेका पुरुषलाई जुवाघरको लत पनि हुनसक्छ । वीरगंज महानगर, सिमरा जीतपुर उपमहानगरदेखि बारा–पर्साका नाम चलेका पत्रकार र स्थानीय प्रहरी अधिकारीको संरक्षणमै यस्तो अपराध कर्म फस्टाइरहेको छ भनेर मधेशदृष्टिले लगातार खबरदारी गरिरहेको छ ।

स्थानीय प्रहरी र पत्रकारले नै रोक्नु पर्ने र खबरदारी गर्ने पर्ने यस्ता जुवाघरसँग उल्टै मोटो रकम असुलेर छुट दिएपछि धेरैको बिल्लीबाठ भएको छ । कैयौँले आत्महत्या गरेका छन् । कैयौँको परिवार अभिभावकविहीन भएर सडकमा आएको छ । यसबारे हामीले पटकपटक लेखिसकेका छौँ । सरोकारवाला नै ‘काले–काले मिलेर खाउँ भाले’ भन्दै ‘तैँ चुप मैँ चुप’ भएपछि बारा–पर्साका क्यासिनो अब दलाल राखेर ग्राहक बोलाउने हैसियत बनाउँदैछन् ।

कानूनमा नेपाली नागरिकले क्यासिनो खेल्न र क्यासिनो स्थलमा प्रवेश गर्न नपाउने भनिएको छ । तर बारा–पर्साका क्यासिनोमा ग्राहक बनेर भारतीय आवरणमा नेपाली नागरिक नै पुग्ने गरेका छन् । वीरगंज महानगरमा रहेको क्लार्क रिसोर्ट, लड्र्स दियालोको किङ्स कलेक्सन, सुरज होटलको एक इन्टरनेशनल र होटल भिस्वामा रहेको सेन्ट्रल मिडिया गुरपको ह्याप्पी आवर क्यासिनोमा वीरगंजसँगै मधेश र बागमती प्रदेशका हेटौँडासहितका शहरका नेपाली ग्राहक रत्तिरहेको–रमाइरहेको देखिन्छ । कतिसम्म भने भारतीय भएको काजात खुल्ने प्रवेश पत्र बनाएर उनीहरुलाई गैरनेपाली बनाउने उद्योगसमेत चलिरहेको देखिन्छ । पर्सा र बाराको प्रहरी प्रशासनसँगको सेटिङमा नेपाली नागरिकलाई भारतीय नागरिकको आवरणमा क्यासिनोमा जुवा खेल्ने सुविधा भइरहेको विषय जुनसुकै नयाँ र काबिल प्रहरी अधिकृत तथा गजबको स्टोरी लेख्ने पत्रकारले समेत फेला पार्न नसक्ने गरी सेटिङ गरिएको भन्दै क्यासिनोका दलालहरुले साँझ पर्दै गएपछि फोन गरेरै दलालहरुलाई बोलाउने घटनाबाट पुष्टि भएको छ ।

वीरगंज महानगरका मेयर राजेशमान सिंहले सिर्सिया नदी सफाइमा चासो र वीरगंजका अतिक्रमित सडक विस्तारलगायत जस्ता कार्य गरेर राम्रै चर्चा बटुलिरहँदा वीरगंजमा अपराधजन्य घटनाकै रुपमा फस्टाइरहेको क्यासिनोको विषयमा देखाएको मौनता भने अचम्मको छ । वीरगंजको मुख्य बजारमै मनोरञ्जनका नाममा खुलेका क्यासिनोले सैयौँ नेपाली लुटिरहँदा यो विषय कहिल्यै पनि वीरगंज महानगरको चासो र चिन्तनको विषय बन्ने गरेको छैन । अधिकारसम्पन्न स्थानीय सरकार जुवाघरका पक्षमा कि विपक्षमा भन्ने प्रतिक्रियासमेत पाउन कठिन हुनुले कतै जुवाघरको कमिसनले चुनाव खर्च भर्पाई त भइरहेको छैन भन्ने प्रश्न उठ्न थालेको छ ।

पर्सा प्रहरी प्रमुख भएर आएका एसपी कुमोद ढुंगेल पनि जुवाघरको संरक्षणमा कि विपक्षमा भन्ने विषयमा मौनता देखिन्छ । वीरगंजका क्यासिनोमा नेपालीको प्रवेश हुन्न भन्ने दाबीससहितको उनको भनाइ आएको पाइएको छैन । उनले वीरगंजमा लिएको अनेक एक्सनमा क्यासिनोको बदमासी, गुण्डागर्दी र नेपालीको घरबास उठाउने कार्यबारे कतै बोलेको सुनिन्न । पर्सा प्रहरी प्रशासनले क्यासिनोको बदमासीबारे अनुसन्धान गरेको, एक्सन लिएको, बदमासी रोक्न खोजेको कतै सुनिएको छैन । प्रहरी प्रशासनले नै बन्द गरेको फाइलमा रिएक्सन लिएर चर्चा बटुलेको पर्सा प्रहरीले जे गरिरहेको छ, त्यो स्टन्ट मात्रै हो, त्यसमा उसको सफलताको कुनै नयाँ रेकर्ड छैन, उसले निकै ठूलो हल्ला गरको चिनियाँ र २ ट्रक सामान पक्राउबारे पछिल्लो अपडेटसमेत बताउन नसकेपछि ढुंगेल नेतृत्व स्टन्टका लागि मात्रै वीरगंजका पत्रकारलाई ‘प्रयोग’ गरिरहेका छन् भन्ने बुझेर ८० प्रतिशत भन्दा बढी पर्साका पत्रकार अचेल जिल्ला प्रहरी कार्यालयको समाचारमा ध्यान दिन छाडिसकेका छन् । स्रोतको दाबी छ, ‘एकाध पत्रकारले समेत लड्र्स दियालोको किङ्स कलेक्सनमाबाट जुवा खेलाएको समाचार नलेख्ने भन्दै मासिक लाखौँ बुझ्ने र पार्टनरकै हैसियत देखाउने गरेको छन् ।’ अरु पत्रकार पनि केही रकम मासिकरुपमा लिएर यो अपराधजन्य घटना ढाकछोप गरिरहेका छन् । वीरगंजका क्यासिनोमा हुने हुने कुटपिट, लुटपाटका घटना पनि पर्सा प्रहरीको अभिलेखमा अभिलेखित हुने गरेको छैन । क्यासिनोहरु मठमन्दिर होइनन्, जहाँ कुनै हिंसात्मक घटना हुन्नन् तर प्रहरी अभिलेखमै क्यासिनोबारे कुनै नकारात्मक अभिलेख नभएपछि बिहान मन्दिर जाने र राति क्यासिनो जानेहरुले घरबार डुबाउँदै गएका दर्जनौँ उदाहरण मधेशदृष्टिसँग भए पनि यसबारे प्रहरी प्रशासनको मौनता भने स्थानीय सरकारको जस्तै शंकास्पद देखिन्छ ।

## फोन गर्नेहरुको विवरण यस्तो छः

तपाईंका परिवारका कोही जुवाघर जाने कुलतमा फसेका छन् भने रात ढल्दै गएपछि ग्राहक अभावमा फोन आउन सक्छ । क्यासिनोहरुले दलाल परिचालन गरेका छन् । उनीहरुले तपाईंलाई भारतीय भएको परिचयपत्रसमेत उपलब्ध गराइदिने भनेर फोन गर्न सक्छ । केही रकम लिएर भारतीय भएको परिचय पत्र बनाएर क्यासिनो छिराउने एउटा गिरोह वीरगंजमा सक्रिय छ । यो गिरोहमा क्यासिनो दियालो लर्डसका लागि सन्दीप गुप्ता नाम गरेका दलाल परिचालन भएका छन् । उनले प्रहरी प्रशासनलाई छक्याउने, फकाउने र नेपालीलाई भारतीय बनाउने परिचय पत्र दिने भन्दै नेपाली ग्राहकलाई फोन गर्ने गरेका छन् । उनको नम्बर मधेशदृष्टिसँग सुरक्षित छ ।

यस्तै, क्यासिनोमा नेपालीलाई भारतीय र गैरनेपाली बनाएर प्रवेश गराउने काममा विनोद भनिने व्यक्ति पनि सक्रिय छन् । उनले प्रहरीले केही नबिगार्ने भन्दै फोन गरेर बोलाउने गरेका छन् । उनी वीरगंजका क्यासिनोमा नेपालीलाई प्रवेश गराउने दलालका रुपमा वीरगंजमा सक्रिय छन् । उनको नम्बर पनि मधेशदृष्टिसँग सुरक्षित छ ।

यसरी नै वीरगंजका क्यासिनोमा नेपाली ग्राहकलाई फोन गरेर बोलाउनेमा मुकेश र लक्ष्मण नाम गरेका अरु दुई दलाल पनि छन् । उनीहरुको नम्बर पनि मधेशदृष्टिलाई प्राप्त भएको छ । क्यासिनोमा ग्राहक कम हुँदै गएपछि वीरगंज, हेटौँडा, बारा, रौतहटसम्मका ग्राहकलाई बोलाउने गिरोह नै वीरगंजमा सक्रिय भएको छ । यसबारे थप समाचार हामी प्रकाशन गर्दै जानेछौँ । क्यासिनोमा दुई करोडदेखि १० करोड रुपैयाँसम्म हार्ने हेटौँडाका १० भन्दा बढी ग्राहकको विवरण पनि मधेशदृष्टिसँग सुरक्षित छ । यस्तै, रक्सौल, वीरगंज, कलैया, रौतहटका क्यासिनोका ग्राहकबारे पनि सूचना प्राप्त भएको छ । कैयौँको बिल्लीबाठ भइसकेको छ ।

## शिक्षक मिलानमा बदमासी हुने गरेको आरोप

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल शिक्षक महासंघ पर्साले वीरगंज महानगरको शिक्षा शाखाविरुद्ध विभिन्न आरोप लगाएको छ । दरबन्दी मिलानका नाममा शाखाले गरिरहेको अनियमितताबारे महासंघले वीरगंजमा शनिबार पत्रकार सम्मेलन गरेर विभिन्न आरोप लगाएको हो ।

शिक्षकहरुको दरबन्दी मिलानका नाममा महानगरको महाशाखाले पछिल्लो समय व्यक्ति, मिलान, आर्थिक मिलान, आफन्त मिलान र स्वजातीय मिलान गरी भ्रष्टाचार भइरहेको पत्रकार सम्मेलनमार्फत आरोप लगाइएको छ । वीरगंज महानगरको शैक्षिक प्रशासन महाशाखा प्रमुख अरबिन्दलाल कर्णले दरबन्दी मिलानका नाममा आर्थिक मिलान गरिरहेको पत्रकार सम्मेलनमार्फत आरोप लगाइएको छ । शिक्षक महासंघका अध्यक्ष तीर्थराज यादवका अनुसार शैक्षिक महाशाखा प्रमुख कर्णले भनेबमोजिम शुल्क बुझाइएन भने त्यस्ता शिक्षकको दरबन्दी मिलानमा अन्यत्र सरुवा हुने गरेको छ ।

पछिल्लो समय यस विषयमा महानगरका शिक्षकहरु जटिल समस्यामा परेको उनको भनाइ छ ।

शिक्षा महाशाखाले ऐनकानून र शिक्षा नियमावलीविपरीत दरबन्दी मिलान, घटुवा र सरुवाका अतिरिक्त अपारदर्शी निर्णय गरिरहेको पत्रकार सम्मेलनमा सहभागी शिक्षकको तर्क छ । त्यसकारण दरबन्दी मिलानका नाममा चलाइएको लुटतन्त्रको अन्त्य नगरिए चरणबद्ध आन्दोलन गर्ने आफूहरु तयार रहेको शिक्षक महासंघ पर्साले घोषणा गरेको छ ।

शिक्षा महाशाखाबाट जिन्सी तथा अन्य खरिदबिक्रीमा चरम भ्रष्टाचार भइरहेको दुखेसो पोखिएको छ । पत्रकार सम्मेलनमा प्रदीप जैसवाल, शिवनाथ थारु, बिनोद गिरि, सुमु प्रसाद सोनार नेपाल शिक्षक संघ शिक्षकसंगठन र महासंघका अगुवा तथा विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो ।

## मृतकको शव भारत पठाइयो

**मधेशदृष्टि**
**चितवन ।**
तनहुँको ऐनापहरामा शुक्रबार बस दुर्घटनामा परेर मृत्यु भएकाको शव भारत पठाइएको छ । भरतपुर अस्पतालमा शव परीक्षणपछि भारतीय एयरफोर्सको जहाजबाट शनिबार अपराह्न भरतपुर विमान स्थलबाट शव भारत पठाइएको हो ।

मृतक २७ मध्ये २५ जनाको शव जहाजबाट पठाइएको प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले जानकारी दिए । बसका चालक र सहचालकको शव भने स्थलमार्गबाट गोरखपुर पठाइएको छ । मृतकको शव लिन भारतबाट युवा तथा खेलकुद राज्यमन्त्री रक्षा निखिल खड्से भरतपुर आएकी थिइन् । मृतक यात्रुका शव शुक्रबार राति आँबुखैरेनीबाट भरतपुर ल्याइएको थियो । पशुपतिनाथ दर्शन गर्न जाँदै गरेको भारतीय पर्यटक बोकेको बस शुक्रबार बिहान तनहुँको आबुखैरेनी नजिकै सडकबाट मस्र्याङ्दी नदीमा खस्दा २७ पर्यटकको मृत्यु भएको हो । मृतकमध्ये १५ महिला, ११ पुरुष र एकचार वर्षीया बालिका छन् । छ पुरुष र १० महिला घाइते छन् ।

प्रहरीका अनुसार बसमा ४३ यात्रु सवार थिए । घाइतेको काठमाडौँमा उपचार भइरहेको छ । मृतक र घाइते भारतको महाराष्ट्रको जलगाउँ जिल्लास्थित भुसावल गाउँका हुन् । पोखराबाट काठमाडौँ जाँदै गरेको युपी ५३ एसटी ७६२३ नम्बरको बस आँबुखैरेनी नजिकैबाट मस्र्याङ्दीमा खसेको थियो । दुर्घटनालगत्तै सेना, प्रहरी, सशस्त्र प्रहरी र स्थानीयले उद्धार गरेका थिए ।

# शिक्षा प्रणाली कस्तो बनाउने भनेर बहस जरुरी छः मन्त्री




**नवलपरासी ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले देशको राजनीति कस्तो हुने भन्ने विषय शिक्षा र चेतनामा निर्भर हुने भएकाले अब शिक्षा प्रणालीबारे बहस हुन जरुरी रहेको बताएकी छन् । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको मध्यविन्दु नगरपालिकाले सुरु गरेको 'हाम्रो खुसी पाठ्यक्रम' शुभारम्भ कार्यक्रममा शनिबार उनले हालसम्म राजनीति कस्तो हुने भन्ने विषयमै बहसमा केन्द्रित हुने गरेको भन्दै अब शिक्षाका बारेमा पनि गम्भीर बहस चलाउनुपर्ने आवश्यकता औँल्याइन् । 'हामीले लामो समयसम्म राजनीति कस्तो हुने भनेर बहस, सङ्घर्ष र आन्दोलन गऱ्यौँ तर शिक्षा कस्तो बनाउने भनेर कमै गर्‍यौँ । त्यसैले अब शिक्षा कस्तो बनाउने भन्ने बहस हुन जरुरी छ', मन्त्री भट्टराईले भनिन् ।
उनले समाजको नेतृत्व तथा संस्कृति निर्माणमा शिक्षा र चेतनाले महत्वपूर्ण भूमिका खेल्ने भएकाले यस क्षेत्रको विकासका लागि सबै गम्भीर बन्नुपर्नेमा जोड दिइन् । 'राजनीतिले नीतिगत नेतृत्व गरे पनि समाजको नेतृत्व शिक्षा र संस्कृतिले गर्ने हो । त्यो संस्कृति र राजनीति कस्तो हुन्छ भन्ने कुराको व्याख्या पनि शिक्षाले नै गर्छ ।
त्यसैले हामी शिक्षाका बारेमा अलि बढी गम्भीर बन्न आवश्यक छ' मन्त्री भट्टराईको भनाइ थियो ।
उनले मध्यविन्दु नगरपालिकाले यो बहस उठान सुरु गरेकोमा धन्यवाद दिइन् । समाजमा विकासित हुँदै गरेको निराशा, असन्तोष अन्त्य गर्न खुसी दिन सक्नुपर्ने भन्दै मन्त्री भट्टराईले खुसी दिन सकिए मात्र समाजलाई परिवर्तनउन्मुख गर्न सकिने धारणा राखिन् । यसका लागि 'हाम्रो खुसी पाठ्यक्रम' सुरु गरी नगरपालिकाले अनुकरणीय काम गरेको उनले बताइन् ।
नगरप्रमुख भीमलाल अधिकारीले बालबालिकाको सिकाइसँग जोडेर असल नागरिक उत्पादन गर्ने हेतुले नगरपालिकामा पाठ्यक्रम सुरु गरेको बताए । पाठ्यक्रम पालिकाभित्रका सबै सामुदायिक तथा संस्थागत गरी ६६ वटा विद्यालयमा कक्षा १ देखि ८ सम्म लागू हुनेछ । बालबालिकाको कल्याण, मानसिक स्वास्थ्य र समाजको दीर्घकालीन विकासलाई ध्यानमा राखेर पाठ्यक्रम लागू गरिएको नगरप्रमुख अधिकारीले बताए । रासस

# देश विकासको मुख्य आधार गुणस्तरीय शिक्षाः सभामुख

**सिन्धुपाल्चोक ।**
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले देश विकासको मुख्य आधार गुणस्तरीय शिक्षा भएको बताएका छन् । सिन्धुपाल्चोक सदरमुकाम चौतारास्थित चौतारा बहुमुखी क्याम्पसको २४ औँ वार्षिकोत्सवका अवसरमा शनिबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख घिमिरेले कुनै मुलुक समृद्ध छ भन्नुको तात्पर्य त्यो मुलुक शिक्षा क्षेत्रमा अब्बल छ भनेर बुझ्नुपर्ने बताए । देशलाई आवश्यक पर्ने हरप्रकारका जनशक्ति उपलब्ध गराउन शिक्षा क्षेत्रमा उल्लेख्य लगानी गर्नुपर्नेमा जोड दिँदै सभामुख घिमिरेले नागरिकलाई गुणस्तरीय शिक्षा दिनका लागि राज्यको नीति इमान्दारीपूर्वक कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।
क्याम्पसमा शिक्षा लिनुभएका धेरैजसो व्यक्तिहरू राज्यको ठूलाठूला पदमा पुगेको थाहा पाउँदा आफूलाई खुसी लागेको बताउँदै उनले राज्यको शिक्षा नीति, युगानुकूल पाठ्यक्रम, सुविधायुक्त भौतिक पूर्वधार एवं प्रभावकारी अनुगमन मूल्याङ्कनजस्ता पक्षबाट मात्रै गुणस्तरीय शिक्षा प्राप्त हुने बताए । वार्षिकोत्सवका अवसरमा क्याम्पसका संस्थापक कृष्णराज श्रेष्ठ, माधवलाल कर्मचार्य, बागमती प्रदेशका पूर्वमन्त्री तथा सभासदस्य युवराज दुलालगायतलाई सभामुख घिमिरेले सम्मान गरेका थिए । रासस

# मानसरोवर जाने राजमार्ग अवरुद्ध



**रसुवा ।**
वर्षाका कारण चीनतर्फको सडकमा क्षति हुँदा मानसरोवर कैलास दर्शनका लागि जाने दर्शनार्थीहरू प्रभावित भएका छन् ।
रसुवाका प्रमुख जिल्ला अधिकारी वेदनिधि खनालले रसुवागढीको मितेरिपुलबाट पाँच किलोमिटर उत्तर चिनियाँ भूभागअन्तर्गत केरुङ खोलामा आएको बाढीले राजमार्ग कटान गर्दा सवारी आवागमन बन्द भएको जानकारी दिए ।
यातायातका साधन बन्द भएपछि कैलासबाट नेपाल फर्किन लागेका करिब पाँच सय यात्रु केरुङमा र तीर्थ जाँदै गरेका एक सय यात्रु रसुवागढीमा रोकिएका छन् । उनीहरूको सहयोगार्थ नेपाल प्रहरी र सशस्त्र प्रहरी बल २० नं गुल्म रसुवाले समन्वय गरिरहेको प्रजिअ खनालले जानकारी दिए ।
राजधानी काठमाडौँदेखि केरुङसम्म करिब एक सय ७१ किमी दूरी रहेको बताइएको छ । चाँडो राजमार्ग खुलाई कैलास दर्शनका लागि हिँडेका यात्रुलाई सहज पारिदिन केरुङ प्रशासकलाई अनुरोध गरिसकेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । टिमुरे क्षेत्रमा रोकिएका यात्रुहरूको सहयोगका लागि नेपाल प्रहरीले समन्वय गरिरहेको प्रहरी नायब उपरीक्षक केशव भट्टराईले जानकारी दिए । रासस

# वामपन्थी शक्तिहरू एक ठाउँमा आउनेगरी वार्ता चलिरहेको छः प्रचण्ड



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले माओवादी आन्दोलनबाट फुटेर गएका सबै शक्ति एकै ठाउँमा आउने विश्वास व्यक्त गरेका छन् ।
नुवाकोट काठमाडौँ सम्पर्क समन्वय समितिले शनिबार यहाँ आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले सबै वामपन्थी एवम् समाजवादी र विगतमा फुटेर गएका माओवादी शक्तिहरू एक ठाउँमा आउनेगरी निरन्तर एकता वार्ता चलिराखेको बताए । उनले यसको परिणाम छिट्टै आउने दाबीसमेत गरे ।
अध्यक्ष दाहालले पार्टीका सबै तह र तप्काले सार्थक प्रयास गरेमा २०६४ सालमा जस्तै जनमत माओवादीलाई पुनः प्राप्त हुने विश्वास व्यक्त गरे ।
उनले २०६४ मा माओवादी पार्टीलाई मतदान गर्नेहरूको सूची र तिनका सन्ततिको विवरणसमेत तयार गर्न पार्टीका नेता तथा कार्यकर्तालाई निर्देशन दिए । 'हामी सबैले सार्थक प्रयास गरेमा माओवादीी जनमत फेरि फर्काउन सकिने विश्वास छ । केन्द्रीय समितिको बैठकपछि देशभर नै पार्टीले अभियान सञ्चालन गर्ने र जनतालाई एकीकृत गरेर सबल पार्टी निर्माण गर्ने विश्वास दिलाउन चाहन्छु । आत्मविश्वासका साथ जनतामा गएर आत्मसमीक्षा गर्दा उल्लेखनीय परिणाम हासिल हुनेमा कुनै द्विविधा छैन, त्यसैले पार्टीको पक्षमा केन्द्रित भएर अभियान सञ्चालन गर्नसमेत आह्वान गर्दछु' अध्यक्ष दाहालले भने ।
पूर्वप्रधानमन्त्री दाहालले आफू सरकारबाट बाहिरिँदा विजयी भावमा रहेको र हाल सरकारमा गएकाहरूमा त्यस्तो नभएको समेत टिप्पणी गरे । यसैगरी उनले समानुपातिक समावेशी मूल्य, मान्यतालाई कोही कसैले पनि हटाउन नसक्ने बरु त्यसलाई थप समृद्ध बनाइने बताए । सङ्क्रमणकालीन न्यायसम्बन्धी प्रक्रियासमेत अगाडि बढेको जानकारी दिँदै अध्यक्ष दाहालले त्यसका लागि नुवाकोटबाटै प्रतिनिधित्व गर्ने सांसद एवम् कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति विमला सुवेदीको योगदान महत्वपूर्ण रहेको उल्लेख गरे । उनले नुवाकोटलाई पार्टीले सधैँ महत्व दिएको र आगामी दिनमा पनि उस्तै भूमिका दिने प्रतिबद्धता व्यक्त गरे ।
कार्यक्रममा माओवादी केन्द्रका नेता एवम् पूर्वमन्त्री हितबहादुर तामाङले आफ्नो पार्टीको सरकार भएका समयमा विभिन्न जनपक्षीय काम भएको उल्लेख गरे । उनले जनतालाई केन्द्रमा राखेर काम गरिएका कारण नै आफूहरूलाई सरकारबाट हटाइएको जिकिर गरे । कार्यक्रममा कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति सुवेदी, राष्ट्रियसभा सदस्य श्रीकृष्ण अधिकारी, राधिका तामाङलगायतको उपस्थित रहेको थियो । रासस

# एनआरएनए अमेरिकाले बनायो 'नागरिकता आयोग'

**टेक्सास ।**
गैरआवासीय नेपाली सङ्घ अमेरिकाले नागरिकता आयोग २०२४ गठन गरेको छ । गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयनको पक्षमा पैरवी गर्न सङ्घका अध्यक्ष डा अर्जुन बञ्जाडेको अध्यक्षतामा नागरिकता आयोग गरिएको प्रवक्ता राजन पन्तले बताए ।
गैरआवासीय नेपाली सङ्घ अमेरिकाद्वारा गठन गरिएको नागरिकता आयोगका सदस्यमा क्रमशः डा अम्बिका अधिकारी, पूर्ण अधिकारी, डा रुद्र अर्याल, दिक्षा बस्नेत, हरिबोल भण्डारी, आनन्द विष्ट, खगेन्द्र जीसी, रतन झा, गौरीराज जोशी, डा श्याम कार्की, प्रल्हाद केसी, तिलक केसी, डा विष्णुमाया परियार, डा दामोदर पौडेल, डा केशव पौडेल, डा आमोद पोखरेल, शिव राई, सुनील साह, डा पुरु श्रेष्ठ, प्रेमकुमार श्रेष्ठ, तारा सिग्देल, बुद्धी सुवेदी, मोहन थापा, सञ्जय थापा, रविना थापा, सुमन तिम्सिना तथा सदस्य सचिवमा गोपेन्द्र भट्टराई रहेको सङ्घले जनाएको छ ।
नेपाल सरकारले गैरआवासीय नेपाली नागरिकता दिने व्यवस्था गरे पनि आवश्यक ऐन कानून निर्माण नगर्दा गैरआवासीय नेपालीहरुले नेपाल सरकारका सेवा लिनका लागि निकै झन्झट व्यहोर्नुपरिरहेको छ । गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयन र आवश्यक ऐन कानुन निर्माणका लागि रचनात्मक दबाव र वकालत गर्न आवश्यक देखिएकाले नागरिकता आयोग गठन गरिएको प्रवक्ता पन्तद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।
'एक पटकको नेपाली, सधैँको नेपाली' भन्दै गैरआवासीय नेपालीहरुले विगत लामो समयदेखि नेपाली नागरिकताको निरन्तरता खोजिरहेका छन् । लामो समयदेखिको दबाबका कारण नेपालको संविधानमा गैरआवासीय नेपाली नागरिकताको व्यवस्था भए पनि आवश्यक ऐन कानुन निर्माण हुन नसक्दा गैरआवासीय नेपाली नागरिकता पूर्णरुपमा कार्यान्वयनमा आउन सकिरहेको छैन ।
एनआरएनए गैरआवासीय नेपालीहरुको प्रतिनिधिमूलक संस्था भएकाले गैरआवासीय नेपाली नागरिकताका लागि पूर्ण कार्यान्वयनको पक्षमा वकालत गर्ने निर्णय गरिएको गैरआवासीय नेपाली सङ्घ अमेरिकाका अध्यक्ष डा बञ्जाडेले बताए । रासस

# नेकपा एसले बोलायो केन्द्रीय कमिटीको पूर्ण बैठक

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले केन्द्रीय पदाधिकारीको टुङ्गो लगाउन केन्द्रीय कमिटीको पूर्ण बैठक आइतबार बस्ने भएको छ । पार्टीमा वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, उपमहासचिव, कोषाध्यक्षसहित १८ पदाधिकारी रिक्त रहेकाले त्यसलाई पूर्णता दिन बैठक आह्वान गरिएको केन्द्रीय सदस्य सोमप्रसाद पाण्डेयले जानकारी दिए । नेताहरूको योगदान, कार्यक्षमताका आधारमा पदाधिकारी छनोट गरिने बैठक नयाँ बानेश्वरस्थित अर्पण बैंकेटमा मङ्गलबारसम्म बस्ने जनाइएको छ ।
पार्टीमा तीन सय ४४ सदस्यीय केन्द्रीय रहेकामा दुई सय ५१ केन्द्रीय सदस्यको सपथ ग्रहण गर्न बाँकी रहेकाले सो बैठकमा उनीहरूलाई सपथ गराएर जिम्मेवारी तोकिनेछ । केही नेताहरुको जिम्मेवारी हेरफेर गरिनेछ । केन्द्रीय संरचनाहरुको निर्माण र विविध विषयमा छलफल गर्न पार्टीले केन्द्रीय कमिटी सदस्यहरूलाई अनिवार्य उपस्थितिका लागि निर्देशन दिएको नेता पाण्डेयले जानकारी दिए ।
पदाधिकारीका आकाङ्क्षी धेरै भएपछि सातै प्रदेशबाट भूगोल, क्षेत्र तथा सन्तुलन मिलाएर केन्द्रीय कमिटीको पूर्ण बैठकले पदाधिकारी चयन गर्न मापदण्ड बनाउन लागिएको छ ।
बैठकले क्लष्टरका आधारमा केन्द्रीय कमिटीमा नेतालाई व्यवस्थापन गर्ने विषयमा छलफल गर्ने छ । पार्टीले युवा, दलित, जनजाति, अल्पसंख्यक, पिछडिएका वर्गलाई पदाधिकारीमा समेट्ने जनाएको छ । केन्द्रीय कमिटीमा अहिले अध्यक्ष, सम्मानित नेता र महासचिव गरी तीन पदाधिकारी छन् । रासस

# 'डिजिटल' प्रविधिमा अपाङ्गता भएका युवाको पहुँच बढाउनुपर्नेमा जोड

**काठमाडौँ ।**
अपाङ्गता भएका युवाहरूको 'डिजिटल' प्रविधिमा पहुँच बढाउनुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् । नेत्रहीन युवा सङ्घ, नेपालले शनिबार यहाँ आयोजना गरेको 'दिगो विकासका लागि डिजिटल प्रविधि र पहुँचमा सुदृढीकरणः अपाङ्गता भएका युवाहरूको सशक्तीकरण' विषय संवाद कार्यक्रममा वक्ताहरूले सूचना प्रविधिबाट अधिकतम लाभ लिने गरी अपाङ्गता भएका युवाहरूको पहुँच बढाउनुपर्नेमा जोड दिएका हुन् ।
कार्यक्रममा राष्ट्रिय युवा परिषद्का सदस्य कलाधर भण्डारीले मुलुकमा डिजिटल प्रविधिको तीब्रत्तर विकास भए पनि अपाङ्गता भएका व्यक्तिको पहुँच अझै नपुगेको बताए । यस्ता व्यक्तिको डिजिटल प्लेटफर्ममा पहुँच बढाउनका लागि सम्बन्धित सरोकार भएका निकायको ध्यानाकर्षण गर्दै सचेतना जगाउन र भावी कार्य–दिशा पहिल्याउन आवश्यक रहेको उनको भनाइ थियो । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक सबिता दङ्गालले बालबालिकालाई लक्षित गरेर विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिनुहुँदै पुस्तकहरू 'ब्रेल' लिपि, डिजिटल र अडियोमा तयार गर्नुका साथै टेलिभिजन कार्यक्रमहरू सञ्चालन गरिएको बताइन् ।
राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रका वरिष्ठ जनस्वास्थ्य शिक्षा अधिकृत शिला श्रेष्ठले यौनिक तथा प्रजनन स्वास्थ्य, नसर्ने रोगहरूलगायत सबै किसिमका स्वास्थ्यसम्बन्धी सूचना तथा सञ्चार सामग्रीहरू पहुँचयुक्त ढाँचामा तयार पारी प्रसारण गरिएको जानकारी गराइन् । उनले पछिल्ला वर्षमा साङ्केतिक भाषामा भिडियो सामग्री बनाउन थालिएको र अन्य सामग्रीलाई पनि क्रमैसँग अपाङ्गतामैत्री बनाउन थालिएको बताइन् । यस्तै, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय समन्वय शाखा प्रमुख नीरा अधिकारीले अपाङ्गतामैत्री डिजिटल प्रविधिको विकास गर्नुपर्नेमा जोड दिइन् । उनले पहुँच अभिवृद्धिका लागि धेरैले कुरा गरे पनि बजेट, कार्यक्रम तथा व्यवहारमा प्राथमिकतामा राख्न नसकेको धारणा राखिन् ।



लैङ्गिक समानताविज्ञ समीरराज घिमिरेले अपाङ्गता समावेशीकरणका लागि प्रगतिशील कानुन बनाइए पनि समावेशीकरणको व्यवहारिक कार्यान्वयन र पहुँचयुक्तताको सवालमा अपेक्षा गरेअनुसार काम हुन नसकेको बताए । नेत्रहीन युवा सङ्घ नेपालका कार्यक्रम अधिकृत निर श्रेष्ठले कानुन बनाएर अपाङ्गता भएका व्यक्तिको डिजिटल प्रविधिमा पहुँच बढाउनुपर्नेमा जोड दिए । रासस



**राधाकृष्णको मूर्ति बनाउँदै :** धनुषाको विदेह नगरपालिका वडा नम्बर ७ तिनकौरिया चोकस्थित मूर्तिकार रामप्रकाश पण्डितले श्री कृष्ण जन्माष्टमीको लागि राधाकृष्णको मूर्ति बनाउँदै । तस्बिरः अमरेन्द्रकुमार यादव/रासस

# सीपयुक्त शिक्षा समृद्धिको पहिलो खुड्किलोः मन्त्री भण्डारी

**महोत्तरी ।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले सीपयुक्त शिक्षा समृद्धिको पहिलो खुड्किलो भएकाले नयाँ पुस्तालाई सोही अनुसारको शिक्षामा जोडिन अपिल गरेका छन् । मटिहानी नगरपालिका–८ स्थित राम माध्यमिक विद्यालयमा आज कक्षा १२ का छात्राहरूलाई साइकल वितरण कार्यक्रममा उनले मुलुकको समृद्धिका लागि सीपयुक्त शिक्षा अपरिहार्य रहेको बताए ।

अबको अर्जुनदृष्टि मुलुकको समृद्धि भएकाले त्यसका लागि सीपयुक्त जनशक्ति चाहिएकाले सोहीअनुसारको शिक्षा दिन विद्यालयलाई उनले आग्रह गरे ।

'मुलुकको समृद्धिका लागि आवश्यक दक्ष जनशक्ति उत्पादनमा जोड दिनुपर्ने आवश्यकता छ । अब शिक्षालाई सीप, सीपलाई श्रम र श्रमलाई समृद्धिसँग जोड्ने गरी सबै लागौँ । अबको पुस्ताले औपचारिक शिक्षाभन्दा प्राविधिक शिक्षामा जोड दिनुपर्छ' मन्त्री भण्डारीले भने । सरकार पनि यही भावना र मार्गचित्रका साथ अघि बढेको उनको भनाइ थियो ।

मन्त्री भण्डारीले यसअघिका स्थिर सरकार हुन नसक्दा आर्थिक गतिविधिसमेत बढ्न नसकेको उल्लेख गर्दै हाल त्यो अवस्था अन्त्य भएकाले निर्धक्क भएर आआफ्नो जिम्मेवारी पूरा गर्न सम्बद्ध पक्षलाई आग्रह गरे । 'अहिलेको सरकार बनेपछि राजनीतिक स्थायित्व हुने सन्देश प्रवाह भएको छ' उनले भने, 'यससँगै आर्थिक गतिविधि बढेका छन् । प्रधानमन्त्रीले पनि बरम्बार अहिलेको सरकारलाई असफल हुने छुट नरहेको बताइरहनुभएकाले सोही अनुसार हामी सबैले आफ्नो क्षेत्रमा उत्कृष्ट काम गर्न लाग्नुपर्छ ।'

मटिहानी नगरपालिकाले उच्च शिक्षामा छोरीको पहुँच बढाउन विसं २०७५ देखि कक्षा ११ का छात्रालाई साइकल वितरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । नगरक्षेत्रमा कक्षा १२ सम्म पठनपाठन हुने राम माध्यमिक विद्यालयमा हालसम्म चार सय ८७ छात्राले साइकल प्राप्त गरिसकेका छन् । शनिबार ६२ जनालाई साइकल वितरण गरिएको हो ।

नगरप्रमुख हरिप्रसाद मण्डलले अब राजकीय संस्कृत माध्यमिक विद्यालयमा ११ कक्षामा अध्ययनरत छात्राका लागि पनि लागू गरिने बताए । साइकल प्राप्त गरेकी हीना खातुनले नगरपालिकाबाट साइकल पाएपछि अब आफूहरुलाई विद्यालय आउजाउमा निकै सहज हुने बताइन् । साइकल वितरण समारोहमा श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौला, वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्री र प्रधानमन्त्री रोजगार कार्यक्रमका डण्डुराज अधिकारीसहितको उपस्थिति रहेको थियो । रासस

# दुर्घटनामा पूर्व वडाध्यक्षको निधन

**मधेशदृष्टि**
**सर्लाही ।**
बरहथवा नगरपालिको सीतापुरमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । बरहथवा नगरपालिका वडा नम्बर १० सीतापुरस्थित किसनपुर चोकमा शुक्रबार राति भएको दुर्घटनामा अरविन्दकुमार यादव मृत्यु भएको हो । यादव कविलासी नगरपालिका वडा नम्बर ४ हेमपुरका पूर्ववडाध्यक्ष समेत प्रहरीले जनाएको छ । कविलासी नगरपालिकाको पिपरीयाबाट बरहथवातर्फ गइरहेको प्रदेश २–०३–०२० प ३२४५ नम्बरको मोटरसाइकल शुक्रबार राति एक साइकलमा ठोक्किएर दुर्घटना भएको र उनको घटनास्थलमै निधन भएको सर्लाही प्रहरीका प्रमुख प्रहरी उपरीक्षक रविन्द्रबहादुर सिंहले जानकारी दिए ।

पूर्ववडाध्यक्ष यादवले चलाएको मोटरसाइकले एउटा साइकल ठक्कर दिएको प्रहरी उपरीक्षक सिंहले बताए । साइकल, चप्पल र मोबाइलको खोल घटनास्थलमै रहेको तर साइकल चालक फरार रहेको जानकारी दिदै पूर्ववडाध्यक्षको घटनास्थलममै मृत्यु भएपछि साइकल चालक डराएर फरार भएको हुनसक्ने आशंका व्यक्त गरे ।

साइकल चालकको खोजी तथा दुर्घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक सिंहले जानकारी दिए । यादवको शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको छ । नेकपा एमाले जिल्ला कमिटीका सदस्य रहेका यादव २०७४ को निर्वाचनमा एमालेबाट वडाध्यक्षमा निर्वाचित भएका थिए ।

**बारामा पैदलयात्रीको मृत्यु**
बारामा मोटरसाइकलको ठक्करबाट एक जना पैदलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १ का ३० वर्षिय आदेश लामा रहेका छन् । जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १ पथलैयामा बा ७५ प ५४५१ नम्बरको मोटरसाइकलले बाटो काट्दै गरेका लामालाई ठक्कर दिएको थियो । मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते लामाको वीरगंजस्थित मेडिसिटी बयोधा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक चिरञ्जीवी ढकालले जानकारी दिए ।

# ६ लाखबढीको चाँदीका गहना बरामद

**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्ला प्रहरी कार्यालय महोत्तरीले ठूलो परिणामका भन्सार छल्याएको चाँदीका गहना बरामद गरेको छ । भारतबाट भन्सारी छली एकडारा–४ स्थित सीमावर्ती गाउँ हलखोरीबाट ठूलो परिमाणको चाँदीका गहना बरामद गरेको प्रहरीले जनाएको छ ।

प्रहरीले ६ किलो ५ सय ६४ ग्रामतौल बराबरका चाँदीका पायल र सिक्रीलगायतका तयारी गहना बरामद गरेको हो । बरामदगहनाको बजार मूल्य साढे ६ लाख रुपैयाँभन्दा बढी रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका डिएसपी तथा सूचना अधिकारी सन्तुलाल प्रसाद जैसवालका अनुसार सीमावर्ती गाउँ हलखोरी नजिकको सडकमा प्रहरीले शनिबार सवारी चेकजाँच गरिरहेको अवस्थामा दक्षिणतर्फबाट आउँदै गरेका गहना तस्कर मोटरसाइकल छाडी भागेर दशगजा पार गरेका थिए ।

गहनातस्करले छाडी गएको ज ९ प १७७२ नम्बरको मोटरसाइकल तलासी गर्दा कालो झोलाबाट उक्त गहना बरामद गरेको जैसवालले बताए । जिल्ला प्रहरीले मोटरसाइकलसहित बरामद गहनाको मूल्य ६ लाख ६४ हजार ५ सय २९ रुपैयाँ कायम गरी आवश्यक कारबाहीका लागि जलेश्वर भन्सारलाई बुझाइएको जनाएको छ ।

# दुई मोटरसाइकल जुध्दा एकको मृत्यु



**राजविराज ।**
हनुमाननगर कङ्कालिनी नगरपालिका वडा नम्बर ५ स्थित भारदह–हनुमाननगर सडकअन्तर्गत सप्तरीको जोगिनियाँस्थित कोसी बाँधमा शनिबार दुईवटा मोटरसाइकल एकापसमा जुध्दा एकजनाको मृत्यु भएको छ ।

दुर्घटनामा सप्तरीको राजविराज नगरपालिका वडा नम्बर १५ बस्ने ५२ वर्षीय विनोदकुमार साहको मृत्यु भएको प्रहरी निरीक्षक अवधेशकुमार यादवले जानकारी दिए । भारदहबाट हनुमाननगरतर्फ आउँदै गरेको स२प ७२९६ नंको मोटरसाइकल र विपरीत दिशाबाट गइरहेको को३४प ५४५९ नंको मोटरसाइकल एकापसमा ठोक्किएका थिए ।

दुर्घटनामा परी स२प ७२९६ नंको मोटरसाइकल चालक साहको घटनास्थलमै मृत्यु भएको प्रहरी निरीक्षक यादवले बताए । अर्को मोटरसाइकलका चालकसहित दुईजना घाइते भएका थिए । घाइतेको नाम र ठेगाना खुल्न सकेको छैन । रासस

# जुवातास खेल्ने १३ जना प्रहरी नियन्त्रणमा

**मधेशदृष्टि**
**बारा ।**
जिल्ला प्रहरी कार्यालय बाराले जुवातास खेलिरहेका एक दर्जन भन्दा बढी जनालाई नियन्त्रणमा लिएको छ । विशेष सूचनाको आधारमा छापामारी गर्दा प्रहरीले जुवातास खेल्ने १३ जनालाई नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरी टोलीले महागढीमाइ नगरपालिकाको बरियापुरस्थित मोतीलाल प्रसादको घरमा छापामारी गरी १३ जनालाई नियन्त्रणमा लिएको बारा प्रहरी प्रवक्ता प्रकाश सापकोटाले जानकारी दिए ।

प्रहरीले छापामारी जुवातास खेलिरहेको अवस्थामा मनोज प्रसाद कुशवाहा, बिनोद प्रसाद, मोतिलाल प्रसाद, जतिकर हुसेन, मोतिलाल कुशवाहा, राजु कुशवाहा, अच्छेलाल महतो, कस्तुरी साह, राजकिशोर प्रसाद कुशवाहा, जितेन्द्र तिवारी, सुकदेव यादव र मुस्ताक खान पैठानलाई नियन्त्रणमा लिएको जनाएको छ ।

सो क्रममा उनीहरुको साथबाट एक लाख ७१ हजार दुई सय ८० रुपैयाँ बरामद भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । उनीहरु सबै जना महागढी नगरपालिका वडा नम्बर १ का निवासी रहेको प्रहरीले जनाएको छ । उनीहरुमाथि कारबाहीका लागि कानुनी प्रक्रिया अगाडि बढाइएको बारा प्रहरीले जनाएको छ ।

# पोखरीमा डुबेर बालकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको ब्रह्मपुरी गाउँपालिकास्थित राम जानकी मठको पोखरीमा नुहाउन गएका एक बालकको डुबेर मृत्यु भएको छ । ब्रह्मपुरी गाउँपालिका वडा नम्बर २ निवासी सञ्जय साहको छोरा ६ वर्षीय अङ्कित साहको पोखरीमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

शनिबार बिहान ९ बजेतिर नुहाउन भनी घरबाट निस्किएका बालकको घर नजिकै रहेको रामजानकी मठको पोखरीमा डुबेर मृत्यु भएको सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए । मृतक बालकको शव गाउँलेले पानीबाट निकालेर पोखरीको डिलमा राखिरहेको भन्ने सूचना पाएपछि प्रहरी घटनास्थलमा पुगेको थियो । घटनास्थलको प्रकृति मुचुल्का गरी शवपरीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवामा ल्याइएको प्रहरीले जनाएको छ ।

**तिलावे नदीमा बालक बेपत्ता**
पर्साको तिलावे नदीमा नह्याउने क्रममा डुबेर एक बालक बेपत्ता भएका छन् । नदीमा डुबेर बेपत्ता हुनेमा पर्साकै बहुदरमाई नगरपालिका वडा नम्बर २ बैरियाका असलम देवानका छोरा १० वर्षिय सलिम देवान रहेका छन् । स्थानीयका अनुसार शनिबार बिहान ११ बजेतिर सलिम आफना तीन जना साथिहरुसँगै बैरियास्थित बहुदरमाई मन्दिर नजिकको तिलावे नदीमा नुहाउन गएका थिए । नदीको बाढीमा नुहाउन पसेका चार जनामध्ये सलिमलाई बाढीले बगाएको र अरु तीन जना भने पौडिएर निस्किन सफल भएको प्रहरीले जनाएको छ । नदीमा डुबेर बेपत्ता भएका सलिमको सशस्त्र प्रहरीको टोलीले खोजी गरिरहेको जनाएको छ ।

# लागुऔषध कारोबारी रामबिनय समातिए



**मधेशदृष्टि**
**बारा ।**
जिल्ला प्रहरी कार्यालय बाराले लागुऔषध कारोबारमा संलग्न रहेको आरोपमा एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा रौतहट फतुवा बिजयपुर वडा नम्बर ७ का २४ वर्षीय रामबिनय प्रसाद पटेल रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार उनी बारा र रौतहटलगायतका जिल्लामा लामो समयदेखि अवैध लागुऔषधको कारोबार गर्दै आएका एक व्यक्ति रहेको पाइएको छ ।

उनी विभिन्न लागुऔषधका मुद्दामा फरार रहेको पटेल धेरै पटक पक्राउ पुर्जी जारी भए पनि उनलाई पक्राउ गर्न प्रहरीले सफल भएको थिएन । यद्यपि, गत बुधबार इलाका प्रहरी कार्यालय निजगढले उनलाई बाराको निजगढ नगरपालिका वडा नम्बर ९, सहिद चोकबाट पक्राउ गर्न सफल भएको इलाका प्रहरी कार्यालय निजगढका प्रमुख प्रहरी निरीक्षक सुमित कुशवाहले जानकारी दिए ।

यसअघि, असार १ गते निजगढ नगरपालिका वडा नम्बर ७ का ३३ वर्षीय विकास रुम्बालाई प्रहरीले २५० पिस ट्रामाडोल ट्याबलेटसहित पक्राउ गरेको थियो ।

रुम्बाले पटेलसँग उक्त ट्याबलेट खरिद गरी निजगढका विभिन्न प्रयोगकर्तालाई वितरण गर्दै आएका थिए । रुम्बाको बयानको आधारमा प्रहरीले पटेललाई पक्राउ गर्न सफल भएको हो ।

पटेल इलाका प्रहरी कार्यालय निजगढको लागुऔषध मुद्दा नम्बर ८० मा फरार प्रतिवादी रहेका थिए ।

यसैगरी, साउन १३ गते पर्सा प्रहरीले निजगढ नगरपालिका वडा नम्बर ९ का ४३ वर्षीय गणेश पाण्डे र मिलन पाण्डेलाई १ लाख १७ हजार पिस ट्रामाडोल ट्याबलेटसहित पक्राउ गरेको थियो । उनीहरू भारतबाट नेपालमा लागुऔषध भित्र्याउने क्रममा पक्राउ परेका थिए ।

# खाल्डोमा डुबेका किशोरको शव गोताखोर टोलीले निकाल्यो

**बरहथवा ।**
ईश्वरपुर नगरपालिका वडा नम्बर ५ सखुवनीमा क्रसरले खनेको खाल्डोमा डुबेका किशोरको शव सशस्त्र प्रहरी बल नेपालको गोताखोर टोलीले निकालेको छ । शनिबार दिउँसो फुटबल खेल्न साथीसँगै आएका सोही नगरपालिका वडा नम्बर ४ सागरनाथका १७ वर्षीय निशान थापामगरको नुहाउने क्रममा खाल्डोमा डुबेर मृत्यु भएको थियो ।

नुहाउन भनेर फूलजोर खोला नजिकै नदीजन्य पदार्थ उत्खनन गर्न क्रसरले खनेको खाल्डोमा पसेका मगरको डुबेर मृत्यु भएको प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए ।

खाल्डो गहिरो भएकाले शव निकाल्न नसकेपछि सशस्त्र प्रहरीको गोताखोर टोली बोलाइएको थियो । सशस्त्र प्रहरी बल नेपालको बर्दिबासस्थित छिन्नमस्ता बाहिनीबाट आएको गोताखोर टोलीले शव निकालेको सशस्त्र प्रहरी उपरीक्षक विनोदराज खनालले जानकारी दिए । गोताखोर टोलीले ३० मिटरभन्दा धेरै गहिरो खाल्डोबाट शव निकालेको थियो । घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । रासस

# पर्सामा बाघको आक्रमणबाट एकको मृत्यु



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा बाघको आक्रमणबाट एक बृद्धको मृत्यु भएको छ । पर्साको जिराभवानी गाउँपालिका वडा नम्बर ५ शंकरसरैयाका ६० वर्षीय तुल्सी राउत थारुको मृत्यु भएको हो । शुक्रबार साँझ घाँस काट्न गाउँ नजिकैको जंगलमा गएकी थारु राति अबेरसम्म पनि घर नफर्किएपछि छिमेकीहरुले शनिबार बिहान जंगलमा गएर खोजी गर्दा सुगीभार नजिकै थारुको शव क्षतविक्षत अवस्थामा फेला परेको हो ।

थारुको शव दाँया खुट्टा र बायाँ हात बाघले खाएको अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय पटटेर्वा सुगौलीका प्रहरी निरीक्षक मोहनजंग बुढा थापाले जानकारी दिए । थारुको शव पोष्टमार्टमका लागि शनिबार बिहान वीरगंजको नारायणी अस्पतालमा पठाइएको प्रहरी निरीक्षक थापाले बताए ।

## सम्पादकीय

# देश, दुर्घटना र दुःख

शुक्रबार तनहुँको ऐनापहरामा भारतीय बस दुर्घटना हुँदा २७ जनाको मृत्यु भयो । १६ जना घाइते भए । नेपाल भ्रमणमा आएका भारतीय पर्यटकहरुले अनाहकमा ज्यान गुमाए । उनीहरुको दुखान्त अवस्थाबारे जति नै समवेदना प्रकट गरे पनि कम हुन्छ । भारतका युवा राज्यमन्त्री रक्षा निखिल खड्से शनिबार नेपाल आएर आफ्ना नागरिकको स्वास्थ्य अवस्था बुझिन् । पोखरामा शव पोष्टमार्टम गरेर परिवारलाई बुझाउने नेपाल सरकारको तयारी छ । भारत सरकारले आफ्ना देशका नागरिकको शव लैजाने र बिरामीलाई पनि थप उपचारको व्यवस्थाका लागि तदारुकता देखाएको छ । भारतीय नागरिक नेपाल भ्रमण र तीर्थाटनमा आउँदा बेलाबखत यसरी नै दुर्घटनाको दुखान्तमा पर्ने गरेका छन् । नेपालका सडकमा उनीहरुको ठूलो सवारी साधनलाई कष्ट हुने गरेको छ । अर्कातिर भारतीय चालकले नेपाली सडकमा सवारी चलाएको अनुभव नहुँदा पनि समस्या हुने गरेको छ ।

समस्या भारतीयको मात्र होइन, नेपालीको पनि उस्तै छ । मुलुकभर दैनिक १७ दुर्घटना हुने गरेको छ । प्रहरी प्रधान कार्यालयकै तथ्यांकअनुसार सवारी दुर्घटनामा दैनिक ८८ जना घाइते हुन्छन् । दुर्घटनामा दिनहुँ ७ जना नागरिक मरिरहेका छन् । नेपालको सडकको अवस्था, सवारी साधनको चाप, यान्त्रिक कमजोरी, चालकले सवारी साधन नियन्त्रण गर्न नसक्दा पनि दुर्घटना हुने गरेको छ । साना सवारी साधनको दुर्घटना अरु बढ्दो छ । मोटरसाइकल दुर्घटनाले नागरिकका लागि काल बनिरहेको छ । कलिलो पुस्तालाई दुर्घटनाले निलिरहेको छ । मादक पदार्थ सेवन र अनिदो रहेर यात्रारतहरु बढी दुर्घटनामा पर्ने गरेका छन् । सडकको खराब अवस्थाले पनि सवारी दुर्घटना निम्तिइरहेका छन् । यस्तो दुर्दशायुक्त सवारी हरेक पल असुरक्षित रहेर गर्नु पर्ने नियती छ । कतै थोत्रा र पुराना सवारी साधन साँघुरो सडकमा गुडाउनु पर्ने बाध्यता छ । कतै यातायातको चाप बढेर पनि समस्या भएको छ ।

दुर्घटना न्यूनीकरणका लागि सवारी सचेतना कार्यक्रम भए पनि दुर्घटनाको तथ्यांक बढेकै छ । घटेको छैन । नागरिक मर्ने त समाचार बनिहाले । बाँचेका घाइते र अपांगहरुको त्यसपछिको दैनिकी अरु कष्टकर हुने गरेको छ । उनीहरुको जीविकोपार्जनमै समस्या हुने गरेको छ । परिवारको आर्थिक क्यालेण्डर नै तल माथि हुने गरेको छ । समाजमा पछुवाको लाइनमा उभिनु पर्ने बाध्यता छ । यस्तो अवस्थामा दुर्घटनालाई सामान्य मान्ने हाम्रो समाजले पक्कै यसबारे सोच्नु पर्छ कि, सुरक्षित सवारी पहिलो प्राथमिकता भइरहँदा नागरिकको सुरक्षाबारे चासो हुनुपर्छ । अर्कातिर नागरिकको सामुहिक हत्याजस्तै भइरहेको दुर्घटना घटाउन कानूनमा केही संशोधन पनि गर्ने हो कि ?

# प्रश्नको घेरामा प्रधानमन्त्री



युवराज घिमिरे

सत्ताको मेचमाथि बस्नेहरुले विवेक गुमाउनु अस्वाभाविक हैन। आफ्नो दायित्व र जवाफदेहिताबारे सचेत नहुनु, आत्मसमीक्षा नगर्नु र आलोचनाप्रति असहिष्णु बन्नु त्यस्तो प्रकृति र प्रवृतिका लक्षण हुन्। दिनहुँ भाषण दिएर मात्र आफ्नो अस्तित्व सुनिश्चित गर्ने आशा राख्छन् हाम्रा शासकहरु । तर, यदाकदा त्यस्ता अभिव्यक्तिहरुले दीर्घकालीन अर्थ बोक्छन्, अत्यन्त नकारात्मक अर्थमा लामो समयसम्म ती 'कोटेवल कोट' बन्न पुग्छन्।

बंगलादेशमा आन्दोलनरत विद्यार्थीलाई 'आतंकवादी' भन्नसमेत पछि परिनन् शेख हसिना वाजेद। नेपाली कांग्रेसका शेखर कोइराला र माओवादी केन्द्रका वर्षमान पुनले बंगलादेशको राजनीति या अवस्था नेपालमा दोहोरिन सक्ने चेतावनी दिएका छन् । आफैलाई समीक्षा गर्न नसक्ने र नचाहने नेताहरु या शासक वर्गले यस्ता चेतावनी बुझ्न या त्यसलाई सकारात्मक रुपमा लिने विवेक र साहस देखाउन सक्दैनन्।

तर, यति भन्दाभन्दै पनि कोइराला र पुन दुवैलाई शासक या व्यवस्थापन पक्ष नै मान्नुपर्ने हुन्छ र उनीहरुले भनेजसरी नेपालमा बंगलादेशको जस्तो घटना घटेमा त्यसको परिणाम या जनताको आक्रोशबाट विगत १८ वर्षदेखि सत्तामा आलोपालो नेतृत्वका साथ स्थायीरुपमा जस्तै निरन्तरता पाएका कांग्रेस र माओवादीका यी नेताहरुलगायत अरु पनि उम्किन पाउने छैनन् । त्यसैले उनीहरुले बंगलादेशको चेतावनी दिनुभन्दा भ्रष्टाचारमा आफ्नै टाउके नेताहरुलाई छानबिनमा प्रस्तुत हुन र विगतका कमीकमजोरीको आत्मसमीक्षा गर्न दबाब दिनु उचित हुनेछ । त्यसले मुलुकको राजनीतिलाई सुधार्न र विश्वसनीय बनाउन मद्दत पुऱ्याउनेछ।

हालै प्रधानमन्त्री केपी शर्मा ओलीले झण्डै शेख हसिना या सत्तामा आसीन हाम्रो क्षेत्रका नेताहरुले अक्सर दिनेजस्ता अभिव्यक्ति दिए। आफूहरु मुलुक बनाउन लागिपरेका बेला मुलुकका लागि केही गर्दै नगरेकाहरुले 'नियतवश' आफूहरुको आलोचना गरेकोमा आपत्ति जनाएका छन् । त्यसअघि फरक प्रसंगमा उनले जिन्दगीमा नाजायज तरिकाले एक पैसा पनि नकमाएको अभिव्यक्ति पनि दिएका छन्। कसले पत्याउने यो कुरा ? यो देशका नेताहरु भ्रष्टाचारमा लिप्त छन्, उनीहरुविरुद्ध प्रमाणजन्य आरोप लागेका छन्, तर अख्तियार दुरुपयोग अनुसन्धान आयोग बिचरा दलीय या भागबण्डाको राजनीतिमा लाचार भएकै आधारमा नेताहरुले आफू शुद्ध भएको चारित्रिक प्रमाणपत्र लिनु हास्यास्पद हो।

हास्यकलाकार मनोज गजुरेलको 'एकासीको गाईजात्रा'मा एउटा आमयुवा कसरी वैदेशिक रोजगारीमा जाने तयारीमा रहँदा सडकमा सरकारी गोलीबाट मारिन्छ, कसरी सडकमा मकै पोलेर कमाएको पैसा सहकारीमा राख्दा एक जना गृहिणी लुटिन्छिन् र कसरी एक जना नेपाली भुटानी बनेरै भए पनि सपनाको गन्तव्य अमेरिका जाने क्रममा ठगिएर बौलाउँछ, त्यसको मार्मिक चित्रण गरेका छन्। सम्भवतः हाम्रा कुनै ठूला नेताहरुले 'गाईजात्रा' महोत्सवको त्यो प्रस्तुतिमा जाने र त्यहाँ धैर्य साथ बसेर सुन्ने हिम्मत जुटाएका छैनन्। हाम्रा नेताहरुको अभिव्यक्तिलाई कलाको मर्म र धर्मलाई आत्मसाथ गरेका कलाकारले 'कुरीकुरी' को सन्देशका साथ जिस्काइरहेका छन्।

गजुरेलकै अर्को प्रस्तुतिमा राजा वीरेन्द्र र गिरिजाप्रसाद कोइरालाको यो पुनर्जन्ममा मुलुकको वर्तमान र अतीतका परिस्थितिबारे 'डायलग' व्यंग्यका तीरजसरी दलका नेताहरुविरुद्ध र प्रतिकूल परिस्थितिमा राजाले लिएका राष्ट्रियताका कठीन अडानको पक्षमा छन् । खचाखच भरिएको प्रज्ञा प्रतिष्ठानमा गुञ्जिएका तालीले प्रस्तुतिको अनुमोदन गरेको छ । उल्लिखित ओलीको अभिव्यक्तिको र उनका अन्य सहयात्री नेताहरुको राजनीतिको अस्वीकृति पनि हो त्यो तालीको फोहोरा।

यो नेपालभित्र विष्फोट हुन लागेको बंगलादेशको संकेत पनि हो। परराष्ट्रमन्त्री आरजु राणा देउवाको भारत यात्रामा के–के भए ? राजनीतिक भ्रमणमा हाम्रा नेताले कुन राष्ट्रिय स्वार्थमा कस्तो सम्झौता गरे आफ्नो निजी र दलीय हितका लागि ? यो आमव्यक्तिको आशंका बन्ने गरेको छ।

यसपल्टको भ्रमणलाई फरक रुपमा हेरिने छैन । त्यति मात्र हैन, दुई महिनाअघिसम्म स्वयं प्रधानमन्त्री रहेका माओवादी नेता पुष्पकमल दाहाल प्रचण्डले आरजुलाई प्रधानमन्त्रीभन्दा बढी सम्मान दिएर भारतले कूटनीतिमा राजनीति घुसाएको अभिव्यक्ति दिए । सामान्यतया सुरक्षा र विदेश नीतिमा दलहरुबीच साझा धारणा र समझदारी हुने गर्छ तर नेपालका नेताहरुमा आफ्नो राष्ट्रिय हितभन्दा निजी र विदेशी स्वार्थका लागि समर्पित हुने चरित्र भएकोले यस्ता आशंकाहरु सहजै मर्दैनन्।

नवनियुक्त विदेशमन्त्रीको विदेश यात्रा बुझ्न नसकिने हतारमा हुनु, यहाँ व्यापक परामर्श नहुनु र दिल्लीमा सत्ताधारी नेताहरुसँगको भेटघाटमै यात्रा टुंगिनुले विदेशमा गणतन्त्र नेपालको खुम्चिएको हैसियत बुझ्न सकिन्छ, नेपालीहरुले त्यो बुझ्न थालेका छन् । तर, बंगलादेशको विष्फोटको पृष्ठभूमि यहाँका नेताहरुले भन्दा युवा, विद्यार्थी तथा आमनेपालीहरुले बुझेमा त्यसले परिणाम छोटो ल्याउनेछ नेपालको पक्षमा।

पक्कै पनि नेपालको सत्ता समीकरण परिवर्तन अर्थात माओवादी केन्द्र र एमालेको पारपाचुकेमा भारतको आंशिक प्रशन्नता बुझ्न सकिन्छ तर ओलीको प्रधानमन्त्रित्व उसको चाहनाविपरीतको हो । भारतीय जनता पार्टीसँग संस्थागत सम्बन्ध बढाउने प्रतिबद्धता पटक–पटक दोहोऱ्याएको नेपाली कांग्रेसलाई ओलीलाई 'टेमिङ' गर्न भारतले प्रयोग गर्न चाहनु स्वाभाविक हो।

त्यस्तै, भारतले नेपालको राजनीतिको आन्तरिक पक्ष र ओलीप्रतिको आशंकाबारे छलफल गरेन विदेशमन्त्रीसँग भन्न मिल्दैन । त्यसबारे प्रधानमन्त्रीको जानकारीमा कति तथ्य आउला औपचारिक रुपमा भन्न कठीन छ। तर, यो भ्रमणले ओलीको शंका बढाउने छ नेपाली कांग्रेस र छिमकी राष्ट्रप्रति।

कमल थापाको पुस्तक 'नाकाबन्दी र भूराजनीति कूटनीतिमा मेरो अनुभव र अनुभूति' मा २०७२ को नाकाबन्दी तथा तराई आन्दोलनको पृष्ठभूमिमा उत्पन्न दुईपक्षीय तिक्ततालाई सम्बोधन गर्ने उद्देश्यका साथ भारत जाँदा प्रधानमन्त्री नरेन्द्र मोदी र तत्कालीन विदेश सचिव र हाल विदेशमन्त्री एस जयशंकरका 'हस्तक्षेपकारी' प्रवृति तथा अभिव्यक्तिको झलक दिएका छन्।

१२– बुँदेको ढाँचाभित्र संविधान तथा शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने प्रतिबद्धता दोहोऱ्याउँदै आएका ओली, प्रचण्ड, शेरबहादुर देउवा, माधव नेपाल, बाबुराम भट्टराई, महन्थ ठाकुर, राजेन्द्र महतोले बुझ्नै पर्छ कि १२–बुँदेको अन्तर्य आन्तरिक राजनीतिमा बाह्य जगतको निर्देशन स्वीकार्नु नै हो । अब जनताले त्यसलाई बुझेका छन्।

ओलीले हालै उल्लिखित अभिव्यक्ति दिंदा जनता यो सरकारको नेतृत्व, संविधानको पक्षमा तथा बाह्य हस्तक्षेपविरुद्ध एकजुट होउन् भन्ने चाहना राखेको हुनुपर्छ तर उनीहरु एकजुट हुँदा पहिलो निशाना ओली नै बन्नेछन् । किनकि उनी अहिले बाह्य निर्देशित राजनीति र व्यवस्थाको नाइकेको हैसियतमा छन्।

प्रजातन्त्र र संसदीय व्यवस्थामा मन्त्रिपरिषद् सामूहिक उत्तरदायित्वको सिद्धान्तमा चल्ने गर्छ। यो सिद्धान्त मौलिक मान्यता हो वर्तमान संविधान र त्यसले बोकेको व्यवस्थाको।

शिक्षामन्त्री विद्या भट्टराई र गृहमन्त्री रमेश लेखक सामाजिक सञ्जालमा एकअर्काविरुद्ध भिडिरहेका छन्, त्रिभुवन विश्वविद्यालयका शिक्षकहरुको भौतिक सुरक्षाको मुद्दालाई लिएर । त्रिवि मात्र हैन, राजधानीका विभिन्न कलेजहरुमा शिक्षक र विद्यार्थीहरु हिंसात्मक भिडन्त, द्वन्द्व र आक्रमणका सिकार बनेका छन्, अतीतमा पनि। तर, कुन दलको सरकार छ र पीडितको न्याय र सत्तामा पँहुच छ कि छैन त्यसबाट सरकारको पूर्वाग्रह या उदासिनता निर्देशित हुने गरेको छ।

शिक्षा र गृहमन्त्रीबीच यो विषयमा जुहारी चलिरहँदा 'सरकार'को आधिकारिक धारणा तथा मुलुकको सर्वाधिक जेठो शैक्षिक संस्थामा आमसुरक्षा गर्ने प्रतिबद्धता नआउँदा यो सरकारको आपराधिक मौनता बुझ्न सकिन्छ।

यी सबै तथ्यहरुको आलोकमा प्रधानमन्त्रीलाई सुन्नु त पर्छ नै तर उनीसँग सोध्नै पर्ने हुन्छ– तपाईंले भनेजस्तै यो देश बनाउन लागिपरेका, मुलुक नलुटेका व्यक्तिहरु को–को हुन् त ? के ५० जनाको पनि सूची छ त तपाईंसँग ?

सांसदले नेताहरुसँग यी प्रश्न सम्भवतः सोध्ने छैनन् र सोधिहाले पनि जवाफ दिनुपर्ने आवश्यकता सरकारले देख्ने छैन । तर, प्रश्न अब सदनमा हैन, सडक र जनताको मञ्चबाट, जनताका तर्फबाट उठ्न थालेका छन् । त्यसलाई बेवास्ता गर्न एउटा विवेकशील तथा जीउँदो प्रधानमन्त्री र सरकारका लागि सम्भव हुनेछैन अब । देशसञ्चार

जीवनदर्शनः

# मनको तह, गहिरो रह



कमल रिजाल

वेदमा एउटा मन्त्र छ 'तन्मे मनः शिवसङ्कल्पमस्तु' । अर्थात् मेरो मन शिव सङ्कल्पमय होस् । यसको अर्थ हो मनको स्वभाव र स्वरूप डर लाग्दो भएकाले यसलाई शिवसङ्कल्पमय बनाउने प्रयास गर्नुपर्छ।

गीतामा कृष्णले पनि यस्तै कुरा गरेका छन्। उनले भनेका छन्– 'मन एवं मनुष्याणां कारणं बन्धमोक्षयो' अर्थात् मन नै बन्धन र मुक्तिको कारण हो। यसको पनि आशय हो मनको स्वाभाव र स्वरूप बुझ्न सके सुख पाइन्छ नसके दुःख। प्रश्न उठन सक्छ त्यसको स्वभाव र स्वरूप कस्तो छ र कसरी बुझ्ने ? आजको बसाइ यसैमाथि केन्द्रित हुने प्रयास गरिएको छ।

वेदान्तीहरूले भने– मनको स्वरूप निकै रहस्यमय छ। मानिसको मृत्यु हुँदा पनि उसको मृत्यु हुँदैन। अपितु जन्मजन्मान्तरदेखि चित्तको तहमा जमेको कर्मसंस्कारलाई लिएर जान्छ र सोही अनुसारको अर्को जीवनको खोजी गर्छ।

यसैमा केन्द्रित रहेर अनुसन्धान गर्दा मनोविज्ञानवादीले निचोडमा के पाए भने यो मन भन्ने चीज तीन किसिमको हुन्छ, जसमा चेतन मन, अर्धचेतन मन र अचेतन मन पर्छ । मानवजीवन यसैमा आधारित छ, यसैले निर्देशित गर्छ।

उनीहरूका अनुसार अचेतन मनको तह निकै फराकिलो छ । मनको अधिकांश भाग यसैले ओगटेको छ भन्दा पनि हुन्छ । यद्यपि यो जागरणको स्थितिमा अज्ञातजस्तो देखिन्छ तर, ऊ आफैँ भने समग्र मानसिक स्थितिको सञ्चालक, प्रेरक, मनोविकृतिको जन्मदाता बनेर रहेको हुन्छ । उसलाई चेतन मनद्वारा लगाइएको प्रतिबन्ध, अवरोध तथा अङ्कुशप्रति वितृष्णा छ र लुकिलुकी अथवा भनौँ त्यसबाट बचेर अविव्यक्त हुने गर्छ। दुश्चिन्ता, नैराश्य, उदासीनता, कुण्ठा, विक्षिप्तता तथा सबै किसिमको मनोविकृतिको कारण र सञ्चालक वा प्रेरक जे भने पनि यही नै हो। यसैका कारण यी सब भएका हुन्, हुन्छन्।

उल्लिखित मनका स्तर पनि तीनवटै रहेका हुन्छन्, जसमा इदम्, अहम् र परम अहम् पर्छ। यिनमा इदम् यही अचेतन मनको स्तर हो। यसले धर्म, अनुशासन, मर्यादा, न्याय, नैतिकता, औचित्य तथा अनौचित्यको परवाह गर्दैन। यसको मूलभूत स्वभाव भनेकै इच्छापूर्ति हो। यसका लागि उसले जे पनि गर्छ । अर्थात् उसलाई कुनै पनि नियम, कानून, प्रतिबन्धको वास्तै हुँदैन । त्यसैले यो तह भनेको उसको विचार प्रवाहमा उन्मुक्त, स्वच्छता एवं पाशविक स्तर हो, जुन हठपूर्ण व्यवहार तथा अपराधीनतामा अडेको हुन्छ। यसैका कारण मानिस अनाचार, दुराचार, व्यभिचार, आपराधिक कृत्य, चोरी, हिंसा लगायत कुनै पनि किसिमको जघन्य अपराध तथा तज्जन्य व्यवहार गर्न पछि पर्दैन।

त्यस्तै अहमलाई चेतन मनको मालिक, सञ्चालक तथा नियामक मानिएको छ । यो भनेको इदमको विकसित रूप हो, जसको सम्बन्ध बाह्यवातावरण, समाज, धर्म, नैतिकता, मानवीय मूल्य, कानून एवं सामाजिक व्यवस्थासँग रहेको हुन्छ । अतः यस अहम्ले भय, मर्यादा, धर्म, पापपुण्य, दण्ड, सजाय, अपमान आदिबाट डाराएर इदम्माथि अङ्कुश लगाउने प्रयास गर्छ, जसले व्यक्तिलाई नियन्त्रित, अनुशासित, मर्यादित एवं सभ्यजीवन व्यतीत गर्न उत्प्रेरणा दिन्छ । त्यसैले यसलाई इदम्को विकसित तह भनिएको हो। यसको अर्थ यो तह पनि पूर्णतः नैतिक एवं परिशुद्ध हुन्छ भन्ने होइन। तथापि यसले बाह्यविश्वको प्रतिबन्ध एवं इदम्को निर्बाध स्वच्छताको माझमा सम्झौता, समायोजन र सामञ्जस्य निम्ति सेतुको भूमिका भने निर्वाह गरेको हुन्छ।

त्यसैगरी परम अहम् भनेको मनको उपल्लो स्तर हो। यसलाई अहम्को पनि नियामक, नियन्त्रक, तथा स्वामी वा मालिक मान्न सकिन्छ। यो भनेको मनको कठोर, नियन्त्रक, निश्चल, शासक एवं अपरिवर्तनीय, दृढ सङ्कल्पयुक्त उच्च वैचारिक चेतनाको स्तर हो । अहम्को स्तर विकास भएपछि उत्पत्ति हुने भएकाले यसलाई अहम्कै विकसितरूप मान्न सकिन्छ। अतः इदम् मनको असामाजिक, अनियन्त्रित, पाशविक, मनोरोगात्मक विकृति उत्पन्न गर्ने संस्कार हो भने अहम् मध्यमार्गीय, समाजोपयोगी, एवं मिश्रित सामञ्जस्यवादी, समायोजनपरक संस्कार हो। अनि परम अहम् भनेको नैतिक, सामाजिक, विश्वहितैषी, आदर्श, नियन्त्रित, मर्यादानुशासित, सत्गुणात्मक, उच्च विचारबाट ओतप्रोत, धर्म, नैतिकता, सामाजिक, कानून, पापपुण्य, न्यायअन्यायमा पूर्ण विश्वास राख्ने संस्कार हो।

अब प्रश्न उठ्न सक्छ उल्लिखित पाशविक अवस्थामा रहेको अचेतन मनको इदम् तहलाई कसरी शुद्धीकरण गरी अहम् वा परम अहम्को तहमा परिणत गर्ने ? यसका लागि पौरस्त्य दर्शनशास्त्र तथा दर्शनशास्त्रीहरूले निकै गहिराइमा पुगेर निष्कर्ष निकालेका छन् । उनीहरूका अनुसार यसमा दमन वा शमन आदि कुनै पनि उपायले काम गर्न सक्दैन। यस्ता उपायले उसको वृत्ति नष्ट होइन उल्टै मौलाउन थाल्छ। यो भनेको त हाँगाबिगाँ वा पातपत्ता छिमलेर संस्कार खोज्नुजस्तै हो । यसका लागि त जरैमा पुगेर उपचार खोज्नुपर्छ। यो भनेको सकारात्मक भाव, सकारात्मक सोच र चिन्तन नै हो। यसैबाट उच्च संस्कारको मुना पलाउन थाल्छ। यही नै वेदको उक्त 'तन्मे मनः शिवसङ्कल्पमस्तु' मन्त्रको आशय हो। खुसीको कुरा त के भने हाल आएर पश्चिमी मनोवैज्ञानिकहरूसमेत यतैतर्फ फर्कन थालेका छन् । अस्तु आजलाई यति नै। लोकान्तर

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘अश्लिलता फैलाउनेलाई कारवाही’



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली समाज मर्यादित समाज भएकाले यहाँ अश्लिलता र सामाजिक घृणा फैलाउनेलाई कारवाही हुने बताएका छन् ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले) झापा–काठमाडौँ सम्पर्क मञ्चद्वारा तीजका अवसरमा आयोजित विशेष कार्यक्रममा प्रधानमन्त्री ओलीले नेपाल फरक कला, संस्कृति र सभ्यताको देश भएकाले यहाँ अश्लिलता फैलाउने कार्य मान्य नहुने बताएका हुन् ।
‘हामीले एकापसमा घृणा फैलाउने होइन, परस्पर माया फैलाउनुपर्छ । देश, समाज, परिवार र आफैँलाई माया गर्नुपर्छ,’ प्रधानमन्त्रीले भने, ‘मायाले निद्रा र थकाइ बिर्साउँछ । दिदीबहिनी र दाजुभाइमा तीजले ममता बढाउँछ । यस्ता महत्वपूर्ण चाडले नेपाली समाजलाई एकताको सूत्रमा बाँध्ने काम गर्छ ।’
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, एमाले केन्द्रीय सदस्य इन्द्र भण्डारीलगायतको कार्यक्रममा सहभागिता थियो । मञ्चका उपाध्यक्ष पुष्पा अधिकारीका अध्यक्षतामा भएको कार्यक्रममा महिला आन्दोलनमा योगदानकर्ता पृथ्वीशोभा मैनालीलाई सम्मान गरियो । रासस

# भारतका खेलकुद राज्यमन्त्रीलाई बस दुर्घटनाको ‘ब्रिफिङ’

**काठमाडौँ ।**
आफ्नो देशका २७ जना नागरिकको सडक दुर्घटनामा निधन भएपछि नेपालको आकस्मिक भ्रमणमा रहेकी भारतकी युवा तथा खेलकुद राज्यमन्त्री रक्षा निखिल खड्सेलाई सुरक्षा निकायका अधिकारीले दुर्घटनाबारे जानकारी गराएका छन् ।
गृहमन्त्री रमेश लेखकको उपस्थितिमा गृह मन्त्रालयमा ब्रिफिङ भएको हो । दुर्घटनाबारे जानकारी प्राप्त हुनासाथ उद्धारकर्मी परिचालन भएका तथा घाइतेलाई यथाशक्य चाँडो उद्धार गरेर अस्पताल पु¥याइएको गृहमन्त्री लेखकले बताए । उनीहरुको उपचारमा कुनै कमीकमजोरी हुन नदिने व्यवस्था सरकारले मिलाएको जानकारी दिँदै मन्त्री लेखकले दुर्घटनाबाट नेपाल सरकार अति दुःखी भएको बताए ।



गृहमन्त्रीले नेपाल सरकारका तर्फबाट दुर्घटनामा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै शोकाकुल परिवारजनमा समवेदना प्रकट गरे । साथै उनले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरे ।
त्यसअघि गृहमन्त्री लेखक र राज्यमन्त्री खड्सेले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा उपचाररत घाइतेको अवस्थाबारे जानकारी लिएका थिए । उक्त अस्पतालको सघन उपचार कक्षमा तीन र अन्यको सामान्य वार्डमा उपचार भइरहेको छ ।
राज्यमन्त्री खड्सेले नेपाल सरकारबाट उद्धारदेखि उपचारसम्मका काममा भएको कुशल व्यवस्थापनप्रति आभार प्रकट गरे । ‘दुर्घटना मेरा आफन्तको पनि मृत्यु भएको छ ।’ उनले भने, ‘उद्धारमा खटिने सम्पूर्ण सुरक्षाकर्मी र स्वास्थ्यकर्मीलगायत सबैलाई धन्यवाद ।’
शुक्रबार पोखराबाट काठमाडौँतर्फ आइरहेको युपी ५३ एफटी ७६२३ नम्बरको बस तनहुँको आँबुखैरेनी गाउँपालिका–२ ऐनापहरामा दुर्घटना हुँदा २७ जनाको मृत्यु भएको थियो । दुर्घटनामा १६ जना घाइते भएका छन् । रासस

# आरोप पुष्टि नहुने गरी प्रमाण बुझाएको छुः लामिछाने

**भरतपुर ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले सहकारी प्रकरणमा आफू संलग्न नभएको कागजपत्र छानबिन समितिलाई बुझाएको बताएका छन् ।
भरतपुर विमानस्थलमा शनिबार सञ्चारकर्मीसँग कुरा गर्दै सभापति लामिछानेले गोरखा मिडियासँग आफू संलग्नका बारेमा लागेको आरोप पुष्टि नहुने गरी प्रमाण बुझाएको बताए । ‘आरोपका आधार तथ्य प्रमाणको छानबिनका लागि संसदीय समिति बनेको हो’, उनले भने,‘त्यसलाई मैले आफूमाथि लागेको आरोपको स्पष्टिकरण दिने अवसरका रुपमा हेरेको छु ।’
सभापति लामिछानेले शुक्रबार छानबिन समितिलाई १० घण्टा लामो बयान दिएका थिए । उनले जिबी राईको विषयमा बेलैमा राम्ररी थाहा पाउन नसक्नु आफ्नो कमजोरी रहेको बताए । ग्यालेक्सी टिभीका अध्यक्ष राईको सम्पत्तिको स्रोतको विषयमा हेर्ने काम राज्यका निकायको रहेको उनको भनाइ छ ।
‘मैले त्यहाँ हेरेर, जानेर र बुझेरै काम गरेको थिएँ । छोडेर गएको डेढ वर्षपछि विभिन्न अनुसन्धानबाट जानकारी आएपछि मात्र थाहा भएको कुरा हो । त्यतिखेर थाहा भएको कुरा होइन । त्यतिखेरै आएको भए त्यतिखेरै थाहा हुन्थ्यो । कतिपय कुरा जतिखेर उजागर हुन्छ त्यतिखेरै हेरिन्छ’,सभापति लामिछानेले भने, ‘उजागर नहुँदा त्यसबारेमा थाहा नहुनु स्वभाविक हो ।’
सभापति लामिछानेले पार्टीका निलम्बित महामन्त्री मुकुल ढकालले लगाएको आरोपबारे समयले बताउँदै जाने उल्लेख गरे । रासस

# ‘निराशा अन्त्य गर्न जरुरी’

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मुलुकले राखेको आर्थिक विकासको लक्ष्य पूरा गर्न ऊर्जा, जलस्रोत र सिँचाइ क्षेत्रको विकास आवश्यक रहेको बताएका छन् ।
शनिबार मन्त्रालयमा आयोजित कार्यक्रममा उनले मुलुकले राखेको आर्थिक विकासको लक्ष्य पूरा गर्न कर्मचारीले जिम्मेवार ढङ्गले कार्यसम्पादन गर्नुपर्ने बताए । ‘ऊर्जा, जलस्रोत र सिँचाइ क्षेत्रको अधिकतम सदुपयोग गरेर मुलुकले राखेको आर्थिक विकासको लक्ष्य प्राप्ति पूरा गर्न सकिन्छ, यसका लागि कार्यक्षेत्रमा खटिने कर्मचारीको महत्वपूर्ण भूमिका रहन्छ’, उनले भने । मन्त्री खड्काले मन्त्रालयभित्र एक ठाउँबाट अर्को ठाउँमा सरुवा हुने प्रक्रिया स्वभाविक भएकाले आफ्नो दायित्व निर्वाह गर्नेगरी नतिजामुखी काम गर्नुपर्ने बताए । उनले भने,‘ जनतामा छाएको निराशालाई चिर्न जरुरी छ ।’
उनले विगतमा भएका पूर्वाधार निर्माणलाई पूरा गर्ने काममा जुट्नुपर्ने बेला आएको बताए । ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङले राष्ट्रिय गौरवका आयोजनालाई समयमै सम्पन्न गर्नेगरी कर्मचारीले काम गर्नुपर्ने बताए । उनले आयोजनाको टेण्डर प्रक्रियालाई चाँडो टुङ्ग्याएर अगाडि बढे तोकेभन्दा चाँडो काम सम्पन्न हुने उल्लेख गरे ।
ऊर्जासचिव गोपालप्रसाद सिग्देलले विद्युत् उत्पादन हुनसक्ने सिँचाइका आयोजनालाई चाँडो निर्माण सम्पन्न गर्नेतर्फ लाग्नुपर्ने बताए । उनले स्थानीय सरकार र प्रदेश सरकारबाट नदी दोहन हुने तर संरक्षण नहुँदा ठूलो विपद्का घटना घटेको बताए ।
जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडीले बजेटको सुनिश्चितता भएमा समयमा नै आयोजना सम्पन्न हुने बताए । उनले किसानको खेतमा पानी नपुगे लक्ष्य हासिल नहुने भएकाले लक्ष्य प्राप्तिका लागि काम गर्नुपर्ने बताए । उनले राष्ट्रिय गौरवका आयोजनालाई आफ्नो प्रगति विवरण १५÷१५ दिनमा बुझाउन निर्देशन दिए । जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जीव बरालले उत्पादकत्व बढाउनका लागि राष्ट्रिय गौरवका आयोजनालाई तीव्र गतिमा सम्पन्न गर्नुपर्ने बताए । उनले आयोजना निर्माणमा देखिएका समस्या समाधानमा विभागले काम गर्ने उल्लेख गरे । रासस



# मन्त्री भण्डारी भन्छन्,‘सुनचाँदी व्यवसायीका माग सरकारले सम्बोधन गर्छ ।’



**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सुनचाँदी व्यवसायीका जायज माग सम्बोधन गर्न सरकार तयार रहेको बताएका छन् ।
नेपाल सुनचाँदी कला व्यवसायी सङ्घको वार्षिक साधारण सभा तथा रजत जयन्ती समारोहको उद्घाटन कार्यक्रममा मन्त्री भण्डारीले सुनचाँदी व्यवसायीको कोटा वृद्धिलगायत जायज माग सम्बोधन गर्न सरकार तयार रहेको बताए । ‘सुनचाँदी व्यवसायीका समस्या के छन् ? छलफलमा आउनुहोस्, जायज माग सम्बोधन गर्न म सरकारका तर्फबाट प्रतिबद्धता व्यक्त गर्छु’, उनले भने ।
राष्ट्र बैंकबाट सुनचाँदी खरिद गरेर उपभोक्तासम्म पुग्दा पाँचवटा माध्यम बीचमा रहेको मन्त्री भण्डारीले बताए । राष्ट्र बैंकबाट सिधै व्यवसायीले खरिद गरेर उपभोक्ता माझ पुग्नुपर्ने उनको धारणा थियो । उनले भने,‘उपभोक्तासम्म पुग्दा पाँच माध्यमका कारण झण्डै सात हजार रुपैयाँ महङ्गो पर्छ, यस्तो किन ?, सरकारले पहिला उपभोक्ता हेर्ने हो त्यसपछि व्यवसायीलाई हेनुपर्छ ।’
सुनचाँदी व्यवसायीका मागका बारेमा सरकारका तर्फबाट आफूले विभिन्न चरणमा छलफल गरेको उल्लेख गर्दै मन्त्री भण्डारीले छिट्टै व्यवसायीसँग छलफल गरेर सरकारले गर्नुपर्ने आवश्यक पहलकदमी आफ्नो मन्त्रालयबाट गर्ने प्रतिबद्धता जनाए । चोरी पैठारीका कारण नेपालका सुनचाँदी व्यवसायी मर्कामा परेका उल्लेख गर्दै उनले भने, ‘चोरी पैठारी रोक्नसके सुनचाँदी व्यवसायीले व्यवसायमा मर्का बेहोर्नु पर्दैन, सुनचाँदी व्यवसायीको उचित व्यवस्थापन जरुरी छ ।’ नेपालको सुनचाँदी व्यवसायमा कार्यरत झण्डै ६० प्रतिशत कालीगढ विदेशी रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले स्वदेशी कामदार बढाउन आवश्यक पहल गर्न व्यवसायीसँग आग्रह गरे । रासस

# पर्यटनमन्त्रीद्वारा धार्मिक पर्यटन प्रबर्द्धनका लागि अन्तरदेशीय सहकार्य आह्वान



**काठमाडौँ ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले धार्मिक पर्यटन प्रबद्र्घनका लागि अन्तरदेशीय पूर्वाधार निर्माण र आवागमन सुदृढीकरणमा जोड दिएका छन् ।
भारतको गुजरातमा आयोजित आठौँ धर्म–धम्म सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री पाण्डेले संस्कृति, पर्यटन र उड्डयनको चक्र निर्माण गरी अन्तरदेशीय पर्यटकीय पूर्वाधार निर्माण तथा पर्यटक आवागमन सहजीकरणको आवश्यकता औँल्याए । आध्यात्मिक सम्पदाको संरक्षण प्रबद्र्घन गर्ने निर्णय गरेको उल्लेख गर्दै उनले भने, ‘हाम्रो संस्कृति, पर्यटन र उड्डयनको चक्र निर्माण गर्न अन्तरदेशीय पूर्वाधार निर्माण र आवागमनको सुदृढीकरण, धार्मिक पर्यटनको प्रबद्र्घन साथै विश्वभरका आगन्तुकलाई हाम्रा धार्मिकस्थलको पवित्रताको सहज अनुभूति गराउने वातावरण निर्माण गर्नका लागि सहकार्य गर्न आह्वान गर्दछु ।’
मन्त्री पाण्डेले धार्मिक पर्यटनको प्रबद्र्घनका साथै विश्वभरका आगन्तुकलाई नेपालका धार्मिकस्थलको पवित्रताको सहज अनुभूति गराउने वातावरण निर्माणका लागि सहकार्य गर्न आह्वान गरेको पर्यटन मन्त्रीको निजी सचिवालयले जनाएको छ । नेपालको पशुपतिनाथ, हलेसी र मुक्तिनाथ तथा भारतको काशीस्थित शान्तिस्तुपा दुई देशबीचका साझा सम्पदा रहेको उल्लेख गर्दै उनले नेपालमा यस सम्मेलनको भावना प्रतिविम्बित हुने खालको आध्यामिक अनुभुति गर्न सकिने धारणा राखे । साथै मन्त्री पाण्डेले सम्मेलनका सहभागीलाई नेपाल भ्रमणको निम्तो दिए ।
मन्त्री पाण्डेले एकता र विविधता नै हाम्रो परम्पराको आधारभूत मान्यता भएको उल्लेख गर्दै शान्ति र करुणाको प्रतिकको रुपमा नेपालमा धर्म र धम्बका सिद्धान्त सदियौंदेखि व्यवहारमा रहेको कुरामा जोड दिए । ‘हाम्रा मनमोहक हिमाल, पवित्र तीर्थस्थल तथा सांस्कृतिक सम्पदाले ब्रम्हाण्डीय शक्ति र दैवीय उपस्थितिको झल्को दिइरहेका छन् । तसर्थ नेपाल प्रकृति र दैवीय शक्तिको जीवित उदाहरण हो’, उनले भने । रासस

# बागमती नदीका विषयमा उपप्रधानमन्त्री सिंहको यस्तो चिन्ता !

**ललितपुर ।**
उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले देशको गौरव बागमती नदी सफा राख्न र जोगाउन आफ्नो क्षेत्रबाट सबै लाग्नुपर्ने बताएका छन् ।
ललितपुरमा शनिबार नेपाल नदी संरक्षण संस्था तथा फ्रेन्ड्स क्लब कुपण्डोलको संयुक्त रुपमा आयोजना गरेको महाजलजात्राको समापन कार्यक्रममा उपप्रधानमन्त्री सिंहले सहरीकरण तीव्र रुपमा बढेकाले त्यसको असर बागमती नदीमा परेको हुँदा यसको दीर्घकालीन असर समाधान गर्ने विषयमा सबैले सोच्नुपर्ने उल्लेख गरे । उनले भने, ‘बागमती नदी वर्षात्को समयमा बगे पनि सुक्खा समयमा निकै दुर्गन्धित हुने हुँदा यस्तो समस्याको समाधन गर्ने प्रयास सरकारको तर्फबाट भइरहेको छ ।’
बागमती नदी सफा राख्न र बागती जोगाउन विभिन्न समाजसेवी तथा अभियन्ता सधैँ सक्रिय रुपमा लागेकामा उपप्रधानमन्त्री सिंहले खुसी व्यक्त गरे । उनले भने,‘बागमती सभ्यतालाई जोगाउन र नदी सफा राख्न जुटेका सबै संस्था र अभियन्तासँग सहरी विकास मन्त्रालय सहकार्य गर्न चाहन्छ ।’
उपप्रधानमन्त्री सिंहले बागमती नदीको दुर्गन्धले कति असर गर्छ भन्ने आफूले पनि महसुस गरेको कारण लामो सभ्यता बोकेको बागमती नदीलाई दुर्घन्धरहित र हरियाली बनाउन सरकारले प्रयास गरिरहेको बताए । उनले भने, ‘तीव्र सहरीकरणको कारण वर्षौंदेखि दुर्गन्धित अवस्थामा रहेको बागमती नदीको समस्या तत्काल समाधान नभए पनि समस्या समाधानका लागि सरकार लागिपरेको छ ।’

# स्वदेशी उत्पादनको प्रबर्द्धन गर्न रास्वपाको प्रदर्शनी

**काठमाडौँ ।**
स्वदेशी उत्पादनको प्रबद्र्धन तथा बजारीकरणमा सहयोग पु¥याउन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो वनस्थली चमतीस्थित पार्टी केन्द्रीय कार्यालयमा स्वदेशी उत्पादनको प्रदर्शनी गरेको छ । प्रदर्शनीले स्वदेशी उत्पादनको बजारीकरणमा एवं उद्यमीहरुलाई प्रोत्साहन समेत हुने अपेक्षा लिइएको छ । ‘आत्मनिर्भर नेपाल अभियान’ अन्तर्गत आयोजित प्रदर्शनीमा विभिन्न ३० प्रदर्शनी कक्ष छन् । यसमा कृषि सामग्री, खेतीबाली, स्वदेशी खाद्यान्न, प्राङ्गारिक मल, हस्तकलाका सामग्री, जडिबुटी तथा वनस्पति, अल्लो र गाँजाका कपडालगायत सामग्री छन् ।
रास्वपाका उद्योग विभाग प्रमुख एवं सांसद गणेश पराजुलीले उद्यमीहरुले गरिरहेका प्रयासलाई प्रबद्र्घन तथा बजारीकरणमा सहयोग पु¥याउन प्रदर्शनी आयोजना गरिएको बताए । उनले भने, ‘उत्पादन बृद्धि गरेर आत्मनिर्भरमात्र होइन सम्भावना भएसम्म निर्यात पनि गरौँ भनेका हौँ ।’
स्वदेशमा सम्भावना र उत्पादन भएका वस्तुलाई प्रबद्र्घन गर्न, उत्पादन गरेका वस्तुको बजार खोज्न, उत्पादन गर्ने प्रविधि विकास गर्न र प्रविधि तथा बजार हुँदाहुँदै पनि नीतिगत समस्या भएमा पनि पहल गर्न यो प्रयास गरिएको सांसद पराजुलीले बताए । रासस

# मौरी जोनले चितवनका कृषक उत्साहित



**नारायणगढ ।**
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइ भरतपुरले चितवनलाई मौरी जोनका रुपमा विकास गरेसँगै यहाँका मौरीपालक किसान थप उत्साहित भएका छन् । जोन कार्यक्रममार्फत किसानलाई मौरीको घार, मह काढ्ने मेसिन, मैन बाक्सालगायतका सामग्री प्रदान हुँदा किसानलाई ऊर्जा थप्ने काम भएको छ ।

खैरहनी नगरपालिका–४ की सरस्वती गिरी विगत पाँच वर्षदेखि मौरीपालन पेसामा छिन् । उनले ५० वटा घारबाट मौरीपालन सुरु गरेकी थिइन् । 'व्यवसायकै क्रममा चरनमा लैजाने क्रममा मौरीलाई विष प्रयोग गरी मारियो, कुनै समय ९० वटा घार बनाएकी थिएँ तर अहिले २५ वटामा सीमित छ । घार अझै थप गर्ने योजनामा छु ।' उनले मौरी जोन कार्यक्रमले आफूहरुमा उत्साह थपेको बताइन् ।

भरतपुर महानगरपालिका–११ का दामोदर देवकोटा विगत १२ वर्षदेखि मौरीपालन व्यवसाय गर्दै आएका छन् । उनी मौरी जोनमा जोडिएपछि थप उत्साह मिलेको बताउँछन् । उनले भने, 'पहिला एक सय घार मौरी थिए । अहिले यो बढाएर एक सय ३५ घार पु¥याएको छु ।' मौरी जोनमा जोडिएका कृषकलाई हरेक वर्ष कुनै न कुनै कार्यक्रम जोड्ने हुँदा आफूहरुमा उत्साह थपिएको देवकोटाले बताए ।

स्थानीयस्तरमा उत्पादित महको मूल्य र भारतबाट आयातित महको मूल्यमा अन्तर रहेकाले बजारीकरणमा केही समस्या देखिए पनि प्राविधिक विषयमा जोन कार्यक्रमको सहयोगले सहज भएको उनको भनाइ छ । बजारमा यहाँको उत्पादन उधारोमा पठाउनुपर्ने बाध्यता रहेको देवकोटाले बताए ।

जोन कार्यक्रममा जिल्लाका एक सय २७ जना कृषक सहभागी छन् । जिल्लामा आर्थिक वर्ष २०७५÷७६ वटा मौरी जोनको कार्यक्रम सुरु भएको हो । कार्यालयका सूचना अधिकारी इन्द्र शर्मा ढुङ्गानाले भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, खैरहनी नगरपालिका, कालिका नगरपालिका र राप्ती नगरपालिकाका किसान यो कार्यक्रममा जोडिएको बताए ।

उनका अनुसार जोन कार्यक्रमको सुरुआती समयमा जिल्लामा छ हजार तीन सय ५० मौरीका घार रहेकामा अहिले यो सङ्ख्या बढेर ११ हजार नौ सय पुगेको छ । जिल्लाबाट वार्षिक चार सय ४७ मेट्रिकटन मह बाहिर पठाउने गरिएको उनले बताए । महको राष्ट्रिय प्रतिघार उत्पादन १६ दशमलव २६ किलो भए पनि जिल्लामा भने उत्पादन बढी हुने गरेको ढुङ्गानाले जानकारी दिए । उनका अनुसार जिल्लामा प्रतिघार २५ दशमलव ६ किलो मह उत्पादन हुँदै आएको छ ।

उनले भने,'जोन कार्यक्रममा जोडिएका किसानलाई हामीले सहयोग गर्दै आएका छौँ । उहाँहरुमा उत्साह बढेको छ ।' यहाँ उत्पादित महको मुख्य बजार चितवनसहित बुटवल, काठमाडौँ र पोखरालगायत सहर रहेका छन् । यहाँ मेरीफेरा र सेरेना जातको मौरी पालन भइरहेको छ । जोनबाट वार्षिक तीन सय चार दशमलव ६४ मेट्रिकटन मह उत्पादन हुँदै आएको ढुङ्गानाले जानकारी दिए । रासस

# अण्डाको माग बढ्यो, मूल्य बढाइयो

**चितवन ।**
भदौ लागेपछि अण्डाको माग बढेको छ । साउनमा व्रत बस्ने र चोखो खाने धार्मिक मान्यतालगायतका कारण अण्डा उपभोग घटेकोमा भदौ लागेसँगै माग बढेको व्यवसायीले बताएका छन् ।

दाउन्ने एग्रो फार्म लिमिटेडका कार्यकारी निर्देशक विनोद पोखरेलले भदौ लागेसँगै अण्डाको माग बढेको बताए । उनका अनुसार माग बढेसँगै फार्महरुले अण्डाको मूल्य बढाएका छन् । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उत्पादकले मात्रै मूल्य तय गर्न निर्देशन गरेपछि फार्महरुले आफैँ मूल्य निर्धारण गर्ने गरेका छन् ।

पोखरेलका अनुसार आजदेखि बिक्री मूल्य बढाइएको छ । दाउन्ने एग्रो फार्मले चितवनलाई आधार बनाएर एक्सल अण्डा प्रतिक्रेट (३० वटाको) रु पाँच सय पाँच तय गरेको छ । ठूलो अण्डा रु चार सय ९५ र मध्यम अण्डाको मूल्य रु चार सय २५ तोकिएको हो ।

हिमचुली पोल्ट्री फार्मका अध्यक्ष राजेन्द्र लामिछानेले आफ्नो फर्मले पनि अण्डाको मूल्य बढाएको बताए । उनले एक्सेल अण्डाको मूल्य प्रतिक्रेट रु पाँच, ठूलो र मध्यमको रु १० ले बढाइएको बताए । सबै फार्महरुले मूल्य बढाएको उनले जानकारी दिए । लामिछानेले भने, 'मूल्य बढ्दा पनि लागत मूल्यमा पुग्न अझै सकिएको छैन ।'

अण्डा उत्पादक कृषकहरु



नेपाल लेयर्स कुखुरा पालक संघ गठन गरेर बजारीकरणमा जुटेका छन् । संघका अध्यक्ष समेत रहेका पोखरेलले ७५ प्रतिशत किसान विस्थापित भइसकेको उल्लेख गर्दै केही किसानहरु फेरि व्यवसायमा फर्किएको बताए । साउनमा बिक्री हुन बाँकी अण्डाहरु बिक्री भईसकेकाले अब केही सहज बन्ने पोखरेलको भनाई छ ।

खिलुङ काली पोल्ट्री फार्मका सञ्चालक भेषराज अर्यालले भदौ लागेसँगै व्रतहरु सकिएको, पहाडी क्षेत्रका केही भागका सडकमा केही सुधार आएको, चाडपर्व सुरु भएको, विद्यालय, क्याम्पस सञ्चालनमा आएका, पर्यटकको आगमन बढेकाले अण्डाको माग बढेको बताए ।

उद्योग संघ चितवनका पूर्वअध्यक्ष पोल्ट्री व्यवसायी त्रिलोचन कँडेलले माग बढेको तर उत्पादन घटेको बताए । झण्डै दुई महिना अघि २५ देखि २६ लाख दैनिक अण्डा उत्पादन हुँदै आएकोमा अहिले घटेर २३ देखि २४ लाखमा झरेको उनले जानकारी दिए । केही महिनाअघि विज्ञहरुले अण्डाको लागत मूल्य प्रतिगोटा रु १६ दशमलव ५६ कायम गरेका थिए । रासस

# ताप्लेजुङ गोल्डकपः सिरहा फाइनमा



**ताप्लेजुङ ।**
अन्तर्राष्ट्रिय आमन्त्रण ताप्लेजुङ गोल्डकपको आज भएको दोस्रो सेमिफाइनल खेलमा सहलेश फुटबल क्लब सिरहा फाइनलमा प्रवेश गरेको छ । चार–दुई गोलअन्तरले बिर्तामोड फुटबल क्लब झापालाई पछि पार्दै सिरहा फाइनलमा प्रवेश गरेको हो ।

खेलको १८औँ मिनेटमा सहलेश फुटबल क्लबका खेलाडी जुना ग्लोरीले पहिलो गोल गरेका थिए ।

त्यस्तै प्रतिरक्षाका लागि खेल सुरु भएको ५६औँ मिनेटमा बिर्तामोड क्लबका खेलाडी सञ्जय सुब्बाले गोल गरेसँगै खेल बराबर भएको थियो ।

निर्धारित समयमा बराबर भएपछि १५ मिनेट समय थप गरिएको थियो । थप समयमा पनि गोल हुन नसकेपछि पेनाल्टीमा ४–२ गोलअन्तरले सिरहा फाइनलमा प्रवेश गरेको हो । सिराहाका खेलाडी जय गुरुङ, आदित्य शाक्य, सन्तोष खत्री र प्रवेश दनुवारले गोल गरेका थिए । त्यस्तै झापाका खेलाडी प्रदीप भण्डारी र रोहन कार्कीले मात्र गोल गर्दा खेल सिरहाको पक्षमा भएको थियो ।

झापाले विभागीय टिम त्रिभुवन आर्मीलाई र सिरहाले पाँचथरलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेका हुन् । शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा ताप्लेजुङको सङ्घर्ष स्पोर्टिङ फुटबल क्लबलाई २–१ ले पराजित गर्दै सगरमाथा युथ क्लब मोरङ फाइनलमा प्रवेश गरेको छ । सोमबार मोरङसँग फाइनल खेलमा प्रतिस्पर्धा गर्नेछन् । विजेताले रु पाँच लाख र उपविजेताले रु दुई लाख ५० हजार पाँच सय ५५ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । रासस

# तालिबानमा महिलालाई बोल्न र अनुहार देखाउन प्रतिबन्ध

**काबुल ।**
तालिबान सरकारको मन्त्रालयले महिलालाई सार्वजनिक रुपमा बोल्न र अनुहार देखाउन प्रतिबन्ध गर्ने नयाँ कानून लागु गरेको ग्लोबल न्यूजले जनाएको छ । यो कानुनले अफगानिस्तानमा महिलाको जीवन अझ सीमित गर्ने भएको छ ।

अफगानिस्तानमा तालिबानको कब्जापछि सन् २०२१ मा स्थापना भएको 'सद्गुणको प्रचार र दुराचारको रोकथाम' मन्त्रालयले बुधबार नयाँ कानुन जारी गरेको हो ।

एक सय १४ पृष्ठको कानुनी दस्तावेजले अफगानिस्तानको सार्वजनिक जीवनका पक्षहरूलाई समेटेको छ ।

मन्त्रालयका प्रवक्ता मौलवी अब्दुल गफर फारूकले भने, 'हामी आश्वासन दिन्छौं कि यो इस्लामिक कानूनले सद्गुणको प्रवर्द्धन र दुराचार उन्मूलनमा ठूलो मद्दत गर्नेछ ।'

दस्तावेजको धारा १३ मा महिलाले सार्वजनिक रूपमा प्रस्तुत हुँदा कसरी लुगा लगाउनुपर्छ र कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुराको व्याख्या गरिएको छ ।

महिलाले आफू प्रलोभनमा नपर्न र अरूलाई प्रलोभनमा नपार्न सार्वजनिक रूपमा प्रस्तुत हुँदा अनुहारसहित आफ्नो सम्पूर्ण शरीर ढाक्न आवश्यक रहेको नयाँ कानुनले जनाएको छ । महिलाहरुले सामान्यतया लगाउने हिजाब जसले कपाल र घाँटी मात्र ढाक्छ अब नयँ कानुनअनुसार स्वीकार्य नभएको ग्लोबल न्यूजले जनाएको छ ।

महिलाको आवाज बढी 'लालाहित' हुने व्याख्या गर्दै नयाँ कानुनले अब महिलालाई सार्वजनिक रूपमा गाउन वा चर्को स्वरमा बोल्न निषेध गरेको छ ।

महिलालाई रगत वा विवाहद्वारा सम्बन्धित नभएका पुरुषलाई हेर्ने अनुमति नभएको व्याख्या नयाँ कानुनले गरेको छ ।

यी नियमहरू उल्लङ्घन गर्दा सजायस्वरुप सम्पत्ति जफत वा तीन दिनसम्म हिरासतमा राख्न सकिने चेतावनी दिइएको छ । मन्त्रालयले पहिले नै समान नैतिक मापदण्डहरू लागू गर्दै यसको उल्लङ्घनका लागि हजारौंलाई हिरासतमा लिएको छ ।

ह्युमन राइट्स वाचको महिला अधिकार विभागका सहयोगी निर्देशक हिथर बारले नयाँ नियमको टिप्पणी गर्दै भने, 'यी नियमहरू पहिले नै थिए तर औपचारिक थिएनन्, अब औपचारिक बनाइएको छ । मलाई लाग्छ यो हामीले विगत तीन वर्षदेखि देखिरहेका कुराको सङ्केत हो, दमनको क्रमिक वृद्धि हो ।'

तालिबानले अफगानिस्तान कब्जा गरेदेखि महिलाको स्वतन्त्रतामा कडा प्रतिबन्ध लगाउदै आएको छ । सन् २०२२ मा तालिबानले महिलाहरूलाई छैटौँ कक्षाभन्दा माथि विद्यालय जानबाट प्रतिबन्ध लगाएको थियो ।

त्यसैगरी सन् २०२२ मा तालिबानले महिलालाई गैरसरकारी संस्था (एनजिओ)मा काम गर्न प्रतिबन्ध लगाएको थियो । ग्लोबल न्यूजसँग कुरा गर्ने एक महिलाले एनजिओमा जागिर गुमाएपछि आफ्नो परिवार गरिबीमा डुबेको बताएका छन् । 'म मेरो परिवारको आर्थिक भार बोक्ने एकमात्र आधार हुँ । हामी परिवारमा चार जना मात्रै छौँः म, मेरी बहिनी र मेरा आमाबाबु । मेरो बुबा अहिले बिरामी हुनुहुन्छ । हामीलाई बिहान बेलुका खान पनि समस्या छ', उनले भने ।

महिलामाथि लगाइएको नयाँ प्रतिबन्धका अतिरिक्त बुधबार पारित भएको कानुनले सङ्गीत बजाउन पनि निषेध गरेको छ । यसले पुरुषलाई दाह्री काट्न पनि निषेध गरेको छ । यस कानुनले चालकहरूलाई पुरुष अभिभावकबिना महिलालाई ओसारपसार गर्न निषेध गरेको छ ।

गत महिना संयुक्त राष्ट्रसंघको एक प्रतिवेदनले मन्त्रालयले आफ्नो आदेश र कार्यान्वयन विधिमार्फत अफगानीबीच डर र धम्कीको वातावरणलाई बढावा दिइरहेको सङ्केत गरेको थियो ।

तालिबानले संयुक्त राष्ट्रसंघको प्रतिवेदनलाई अस्वीकार गरेको छ । रासस

# पोल्याण्ड र युक्रेनको भ्रमण सकी मोदी स्वदेश फिर्ता

**नयाँदिल्ली ।**
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पोल्याण्ड र युक्रेनको दुई देशको भ्रमणपछि स्वदेश फिर्ता भएका छन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पोल्याण्ड भ्रमण ४५ वर्षपछि भएको हो ।

उनले दुई दिने युरोप भ्रमणका क्रममा युक्रेनको पनि भ्रमण गरेका छन् । युक्रेन भ्रमण गर्ने उनी पहिलो पदबहाल भारतीय प्रधानमन्त्री हुन् ।

युक्रेन भ्रमणका क्रममा प्रधानमन्त्री मोदी र राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले संयुक्त राष्ट्रसंघको बडापत्रलगायत क्षेत्रीय अखण्डता र राष्ट्रको सार्वभौमिकताजस्ता अन्तर्राष्ट्रिय कानुनका सिद्धान्तहरू लागु गर्न आफू तयार रहेको बताएका थिए ।

यस सम्बन्धमा घनिष्ठ द्विपक्षीय वार्ताको वाञ्छनीयतामा उनीहरु सहमत भएको जनाइएको छ । भारतीय पक्षले आफ्नो सैद्धान्तिक अडान दोहो¥याउँदै वार्ता र कूटनीतिको माध्यमबाट शान्तिपूर्ण समाधानमा ध्यान केन्द्रित गरेको छ । भारतले युक्रेनमा शान्तिका लागि जून २०२४ मा स्विट्जरल्याण्डको बर्गेनस्टकमा आयोजित शिखर सम्मेलनमा भाग लिएको थियो ।



युक्रेनी पक्षले भारतको यस्तो सहभागिताको स्वागत गर्दै आगामी शान्ति शिखर सम्मेलनमा भारतको उच्चस्तरीय सहभागिताको महत्वमाथि प्रकाश पारेको छ । भ्रमणका क्रममा भारत र युक्रेनले चार वटा सम्झौतामा हस्ताक्षर गरेका छन् ।

पोल्याण्ड भ्रमणका क्रममा प्रधानमन्त्री मोदीले आफ्ना समकक्षी डोनाल्ड टस्कसँग द्विपक्षीय छलफल गरेको र दुई देशले आफ्नो सम्बन्धलाई 'रणनीतिक साझेदारी'मा रुपान्तरण गर्ने निर्णय गरेका छन् । दुवै नेताले युक्रेनमा जारी युद्ध र यसको भयानक र दुःखद मानवीय परिणामप्रति गहिरो चिन्ता व्यक्त गरेका छन् ।

उनीहरूले सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मानसहित संयुक्त राष्ट्रसंघको बडापत्रका उद्देश्य र सिद्धान्तअनुरूप अन्तर्राष्ट्रिय कानूनबमोजिम व्यापक, न्यायोचित र दिगो शान्तिको आवश्यकतालाई दोहोऱ्याएका छन् । रासस

# रूस र युक्रेनबीच २३० युद्धबन्दी आदानप्रदान

**किएभ ।**
रुसको कुर्स्क क्षेत्रमा किएभले अचानक आक्रमण गरेको दुई साता नबित्दै रूस र युक्रेनले शनिबार २३० जना युद्धबन्दीको आदानप्रदान गरेको घोषणा गरेका छन् । आदानप्रदानमा दुबैतर्फका बराबर युद्धबन्दी रिहा भएका मध्यस्थकर्ता संयुक्त अरब इमिरेट्स (युएई) ले जानकारी गराएको छ ।

कुर्स्कमा युक्रेनले आफ्नो आक्रमण बढाउँदै गर्दा र रूसले पूर्वी युक्रेनी शहरलक्षित आक्रमणको तयारी गरिरहेको समाचार आइरहेका समय यो आदानप्रदान भएको हो । युक्रेनी स्वतन्त्रता दिवसमा पनि यस्तो आदानप्रदान भएको थियो ।

दुवै देशले कैदी अदलाबदली सम्झौतामा मध्यस्थता गरेको युएईप्रति आभार प्रकट गरेका छन् ।



'हाम्रा अन्य ११५ देशभक्त सुरक्षाकर्मी आज घर फर्किसकेका छन्,' युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले भने । 'यी सैनिकहरू नेशनल गार्ड, आम्र्ड फोर्सेज, नेभी, स्टेट बोर्डर गार्ड सर्भिसका सैनिक हुन्,' उनले युक्रेनको झन्डा बेरेर बसेका मानिसहरूको फोटोसहित जारी गरेको सन्देशमा भनेका छन् ।

किएभले गत अगष्ट ६ मा भएको कुर्स्क आक्रमणमा सयौं रूसी सैनिकलाई बन्धक बनाएको यसअघि बताएको थियो । मस्कोले उक्त आदानप्रदानको पुष्टि गर्दै कुर्स्कमा बन्दी बनाइएका ११५ सैनिकलाई फिर्ता गरिएको जनाएको छ ।

रूसी रक्षा मन्त्रालयले भनेको छ,'वार्ता प्रक्रियाको परिणामस्वरुप कुर्स्क क्षेत्रमा बन्दी बनाइएका ११५ जना रूसी सैनिकलाई किएभ शासनको नियन्त्रणमा रहेको इलाकाबाट फिर्ता गरिएको छ ।'

'ती सैनिकहरू अहिले छिमेकी बेलारूसमा रहेका छन्, उनीहरूलाई 'मनोवैज्ञानिक–चिकित्सा सहायता' प्राप्त भइरहेको छ र चाँडै नै उनीहरूलाई स्वदेश ल्याइनेछ,' मन्त्रालयले भनेको छ ।

युएईले रूसी संघ र गणतन्त्र युक्रेनबीच नयाँ बन्दी आदानप्रदानमा सफलतापूर्वक मध्यस्थता गरेको जनाएको छ । किएभ र मस्कोबीच दुई वर्षभन्दा लामो युद्ध जारी रहेपनि युद्धका क्रममा विपक्षीको नियन्त्रणमा गएका कैदीहरूको पटक पटक आदानप्रदान पनि हुँदै आएको छ । रासस

# संघीयता सबल बनाउने कि टिकाइराख्ने ?



*सिंहदरबारको कर्मचारी संरचना हेर्नुस्, स्थानीय सरकारमा कर्मचारीको खटनपटन संघीय सरकारले गर्ने व्यवस्था संविधानमा गर्ने, आफ्नो स्रोतसाधनले कर्मचारीको व्यवस्था गर्नसक्ने अवस्था छैन । तर सिंहदरबारको कर्मचारी संरचना हेरेँ त, कृषिको मन्त्रालय त्यही हुने, कृषिको कार्यालय त्यहीँ हुने फेरि जिल्लामा आएर कृषि कार्यालय हुने, हामीसँग केही पनि नहुने, हामीसँग भएको कर्मचारी पनि नदिने, अझ पनि हामी कर्मचारी प्रशासनमा संघीय निजामती ऐन नल्याइदिने, भन्दा सेवाप्रवाहको मूलथलो स्थानीय सरकार हुने तर हामीलाई जनशक्ति नदिने । अहिले पनि वित्तीय संघीयताको नेपालजस्तो खिल्ली कहीँ उडाइरहेका छैनन् ।*

*विद्यानन्द चौधरी*
*अध्यक्ष,*
*छिन्नमस्ता गाउँपालिका, सप्तरी*

*२०७३ मा स्थापना भएको सप्तरीको छिन्नमस्ता गाउँपालिकाको नाम प्रसिद्ध छिन्नमस्ता भगवती शक्तिपीठका नामबाट नामङ्कन गरिएको हो । गाउँपालिकाको दक्षिणमा भारतीय सीमा, पूर्वमा तिलाठी कोइलाडी गाउँपालिका र उत्तरमा विष्णुपुर गाउँपालिका तथा पश्चिममा राजगढ गाउँपालिका र भारतीय सीमा क्षेत्र पर्दछ । साबिक बरही वीरपुर, कोचाबखारी, छिन्नमस्ता र लालापट्टी गरी चार गाविस मिसाएर गठन भएको गाउँपालिकामा सात वटा वडा छन् । स्थानीय तहको दोस्रो निर्वाचनमा पालिकाको अध्यक्षमा निर्वाचित लोकतान्त्रिक समाजवादी पार्टी नेपालका विद्यानन्द चौधरी सामान्य परिवारबाट राजनीतिमा होमिएका देशकै कान्छो गाउँपालिका अध्यक्षले मधेशदृष्टिसँग गरेको कुराकानीः*

**राजनीतिमा कसरी जोडिनुभयो, के उत्प्रेरणा रह्यो ?**

स्कुल पढिरहँदा हरेक कुरा गरिरहेको ठाउँ देशलाई चर्चामा ल्याउने यो छिन्नमस्ता देवीको ठाउँ जहाँ भारत र नेपालका हजारौँ पर्यटक आउने गर्छन् । रोजगारीको सम्भावना भएको यो ठाउँमा ग्रामीण भेग हुँदाहुँदै पनि प्रशस्त सम्भावना छ । तर यहाँको गरिबी, नागरिकले झेलिरहेको समस्या हेरिरहँदा स्रोतको कमी र राज्यको नजरमा पनि प्रभावकारी ढंगले पर्न नसकेको यस ठाउँका लागि केही गर्नुपर्छ भन्ने सोच बाल्यकालदेखि नै थियो । राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनका लागि केन्द्रित भएर यहाँ युवा लाग्नुपर्छ भन्ने बाल्यकालदेखि नै सोच थियो । ती समस्या झेल्दै, भोग्दै जाँदा त्यसैबाट अभिप्रेरित भएर यी कुराहरुको उत्थानका लागि प्रत्यक्ष राजनीतिबाट नेतृत्वदायी भूमिकामा आउनुपर्छ भन्ने मनोविज्ञानले प्रेरित भएर राजनीतिमा लागेको हुँ ।

***युवालाई अवसर दिँदैनन्, टिकट दिँदैनन्, तपाईंले कसरी टिकट पाउनुभयो ?***

मलाई आज पनि याद छ, म ८ कक्षामा पढिरहँदा नै प्रत्यक्ष राजनीतिमा सम्मिलित भएको थिएँ । मधेश मोमेन्टमा नै लागेको हुँदा स्वाभाविकरुपले तीनै दलबाट आज सँगै सहयात्रा गर्दैछु । मेरा सम्माननीय नेता शरदसिंह भण्डारीज्यूको तत्कालीन समयमा रामसपा पार्टीबाट राजनीतिक यात्रा शुरु गरेको थिएँ । अहिले पार्टीहरु एकीकरण हुँदा म महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टीमा छु । २०७४ सालको चुनावमा म तत्कालीन राजपा पार्टीबाट ३ नम्बर वडामा वडाध्यक्षको उम्मेदवार बनेको थिएँ, वडाध्यक्षमा सामान्य मतले पराजित भएको थिएँ, निकटतम प्रतिद्वन्द्वी रहेँ, उतिखेरको कथा पनि रोचक छ । मैले टिकट मागिरहँदा पार्टीमा पकड बनाएर रहेका नेता जसले युवाले नेतृत्वमा यसै समयमा अवसरमा पाउन सक्दैन भन्ने जुन सोच बोकेको थियो, त्यसले गर्दा नोमिनेसन हुने एक दिन अघिसम्म टिकट फाइनल हुन सकेको थिएन । त्यसपछि २०७९को चुनावमा पनि मलाई टिकट पाउन निकै मेहनत गर्नुपर्यो । शुरुदेखि नै जनताका बीच रहने, नागरिकको प्रत्येक सुखदुःखमा सहभागी हुने र हरेक क्रियाकलापमा सहभागी भएर अगाडि बढ्ने मेरो एउटा स्वभाव हो । उहाँहरूलाई सहयोग गर्न सक्दा आफूलाई गौरवशाली महशुस हुने, खुशी लाग्ने मेरो स्वभाव भएको नागरिकसँग शुरुदेखि नै नजिक थिएँ । त्यसैसन्दर्भमा २०७४ को चुनाव हारिसकेपछि मनमा कतै न कतै विचलन आइरहँदा साथीभाइ, आफन्त र खासगरी स्थानीय अभिभावकले अब पालिका प्रमुखमा आउनु पर्छ, त्यहाँबाट नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ र त्यहाँ हाम्रो साथ हुन्छ भन्नुभयो । पछि त्यही भूमिका मलाई निर्वाह गर्नुपर्छ भन्ने सोचेर पार्टीभित्र भूमिका खेलेँ । पछि पार्टीमा लामो रसाकस्सी र चुनौतीका बीच टिकट दिइयो । मलाई याद छ, त्यो दिन पार्टी कार्यलयमा थिएँ । टिकट त दियो तर त्यो दिन रोएको थिएँ । त्यहाँ एउटा ठूलो समूहले हतोत्साहित बनाउने कुरा गरिरहेको थियो । तथापि विश्वस्त थिएँ, यहाँका मतदाता, नागरिक र जनता अभिभावक छन्, उहाँको माया पाउनेछु । यिनै कारण विभिन्न पार्टीका नेतासाथीको साथ र सहयोगले टिकट पाएँ ।

***२०७४ मा वडाध्यक्षमा चुनाव हारेको मान्छे २०७९ मा पालिका अध्यक्ष जित्न कसरी सम्भव भयो ?***

यसमा दुईवटा कुरा रह्यो । राजनीति गरिरहँदा आम बुझाई के छ भने हामी पदीय कार्यकारी जिम्मेवारीमा रहँदा मात्र प्रभावकारी हुन्छ भन्ने छ । २०७४को चुनावमा म पराजित हुँदा पनि मैले राजनीतिक, सामाजिकरुपमा गर्नुपर्ने काम हरेक कोणबाट गरेँ, आफ्नो भूमिका सशक्त राखेँ । नागरिकको सुखदुःखमा हरेक क्षण रहेँ । उहाँहरुको पीडालाई आफ्नो बुझेर काम गरेँ । त्यतिखेर प्राविधिक रुपमा मैले चुनाव हारेँ । तर २०७९ सम्म आइपुग्दा निकै संघर्ष गरेको छु । मेरो यो २८ वर्षको उमेरमा १३ वर्षबाट राजनीतिमा सक्रिय छु । यो १५ वर्षको जीवनमा आमनागरिकसँग जोडिएर, मेरो समय बिहान ७ बजेदेखि राति ११ बजेसँग जनतासँग नै हुन्थ्यो । राजनीतिकर्ममा लागिरहँदा मेरा दिनचर्या यही हो । त्यसैले म २०७४ को चुनावमा हार्नु र २०७९ मा जित्नुलाई त्यति रोचक वा आश्चर्यका रुपमा लिएको छैन । मैले निभाएको आफ्नो सामाजिक कर्तव्यकै फलस्वरुप मतदाताहरुले मलाई निर्वाचित गराउनुभएको छ ।

***निर्वाचनका बेला के के वाचा गर्नु भएको थियो, के के पुरा गर्नुभयो ?***

स्वाभाविकरुपमा हामी चुनावताका विभिन्न राजनीतिक एजेन्डामा कुरा गर्छौँ । राजनीतिक कुरालाई, सामाजिक कुरालाई उठान गर्छौँ । मैले पनि यहाँ भएको मुख्य समस्यालाई कसरी पालिकाको स्रोतसाधनबाट विशेष ढंगले समाधान गर्न सकिन्छ, अवसर सिर्जना गर्न सकिन्छ, त्यो भनेको थिएँ । त्यसैले हामीहरुले काम गरिरहेको छौँ । मलाई याद छ, मैले चुनावमा ३७ वटा लिखित दस्तावेज जारी गरेको थिएँ । आज भन्दा तीन महिनाअगाडि त्यसको २२ वटा कुरा जसमा १६ वटालाई शतप्रतिशत र बाँकीलाई आशिंकरुपले हाम्रो स्रोतसाधनले भ्याएअनुरुप गर्ने तरखरमा छौँ । त्यसैअनुसार सबै कुरालाई समेटेर गरेको वाचामा काम गरिरहेको छौँ ।

***काम गर्न कति सहजता वा चुनौती छन् ?***

हामी अहिले संघीय अवधारणामा छौँ । देशमा तीनवटा सरकार छ । जसमध्ये हामी स्थानीय सरकार भन्छौँ । हामी स्थानीय सरकार भनिरहँदा स्वाभाविकरुपमा जनताको सबैभन्दा नजिकको सरकार, जनताले भेट्न मिल्ने छुन मिल्ने, कुरा गर्न मिल्ने र जतिखेर पनि आफ्नो समस्या निर्बाधरुपले राख्न मिल्ने । पहुँचको दृष्टिकोणले पनि सबैभन्दा नजिकमा रहेको सरकार हो । कतिपटक आमनागरिकले पालिकाको स्रोतसाधनबाट नभ्याउने अपेक्षा पनि हामीसँग राख्ने गर्छन्, पालिकाले गरिदिए हुन्थ्यो । किनभने हामी जहाँ पनि भेट्छौँ । हामी जहिले पनि आफ्नै नागरिकका बीचमा हुन्छौँ । हामीलाई जनताको ती यावत समस्यालाई फेस गरिरहनु पर्ने हुन्छ । सेवाप्रवाहमा जन्मदेखि मृत्युसम्म, विकास हरेक काम यहीँबाट हुने युनिट पनि हो । हामीसँग अर्को समस्या के छ भन्ने पालिकाको स्रोतसाधन सीमित हुन्छ । फेरि ग्रामीण भेगका पालिका जो नगरोन्मुख छैन् । जसको आन्तरिक आय छैन, शून्य छ । हाम्रो आन्तरिक आय २० लाख भन्दा कम छ । त्यो पालिकालाई स्रोतसीमित हुने तर विकासका कामहरु विभिन्न क्षेत्रमा यावत हुने यस्तो अवस्थामा समस्या कहाँ हुन्छ भन्ने संघ सरकार र प्रदेश सरकारको समन्वय छैन । कहाँ बजेट गरे छन्, के गरे छन् कुनै किसिमको सहकार्य छैन । एकीकृत गरेर गर्ने कुनै अवधारणा छैन । हामी एकाथरि उनी एकाथरि यो एउटा समस्या छ । अर्को कर्मचारी, प्रशासनको समस्या पनि छ । हुन त यो राष्ट्रिय समस्या हो । तर हाम्रै पालिकाको कुरा गर्दा दरबन्दी सात वर्ष अगाडि जुन कल्पना गरिएको थियो । त्यसको २५ प्रतिशत पनि कर्मचारी छैन । २५ प्रतिशत पनि जनशक्ति नहुनु, आन्तिरिक स्रोत एकदमै सीमित हुनु, अनि सेवाप्रवाहलाई स्तरीय बनाउन जनशक्ति नहुँदा संघ सरकारलाई, लोकसेवालाई पटकपटक माग गर्दा पनि नदिनुले चुनौती थपिएको छ । संविधानले, स्थानीय सरकार सञ्चालन ऐनलगायतका नेपालको कानूनले दिएको कार्यालय अहिले पनि चिन्न नसकेर पालिकामा आउननसक्नु जिल्लामै रहनु पनि अर्को चुनौती हो ।

***पालिका विकासका योजना के के छन् ?***

मैले पटकपटक भनेँ, हाम्रो स्रोतसाधन सीमित छन् । कार्य असीमित छन् । शिक्षा, स्वास्थ्य, कृषिसँगै हामीले पर्यटनलाई पनि प्रभावकारी ढंगले समातेका छौँ । किनभने विश्वसम्पदा सूचीमा समावेश हुनुपर्ने यो । छिन्नमस्ता मन्दिर अहिले पनि लगानीको दृष्टिकोणले राज्यबाट उपेक्षित भएको छ । जसले यहाँ रहेका थुप्रै अवसर खेर गइरहेको छ । यी समस्यालाई समेटेर समृद्ध पालिकाको विभिन्न सूचाङ्कलाई पूरा गर्ने दृष्टिकोणले, दिगो विकासका कसम नागरिकको आधारभूत आवश्यकताका, प्राथमिकताका काम गरिरहेको छौँ ।

***विकास सामाजिक हुनुपर्यो कि भौतिक हुनुपर्यो ?***

विकास अमूर्त चिज हो, यसले एउटा लय खोजिरहेको हुन्छ । विकासको कहिले पनि अन्त हुँदैन, यसका स्वरुप अनेक छन् । पूर्वाधार विकास र सामाजिक विकास दुवै महत्वपूर्ण हुन् । तर पनि मलाई के लागिरहेको छ भने, पूर्वाधारको विकास हामी धेरै गरिरहेको छौँ । हरेक सरकारले यसैलाई जोडबलका साथ अगाडि बढाइरहेको छ । अब हामीलाई सामाजिक विकासमा पनि केन्द्रित हुनुपर्छ ।

***समग्र राजनीतिप्रति दृष्टिकोण तपाईंको के छ ?***

अहिले हामी संघीयताको शुरुवातमा छौँ । यो अन्तर्राष्ट्रिय जगतमा नै सबैभन्दा सुन्दर लोकतान्त्रिक व्यवस्थाका रुपमा स्वीकारिएको व्यवस्था हो । यो व्यवस्था कलिलो छ तथापि पनि यसले हामीलाई धेरै कुरा दिएको छ । अब हाम्रो राजनीतिक प्राथमिकता संघीयताभित्र रहेर यस भित्र रहेको कमीकमजोरी, यसका तत्वलाई सुधार गर्दै राजनीतिक, आर्थिक र सामाजिक रुपमा र कार्य प्रशासनका लागि पनि संघीयता मजबुत गर्दै जानुपर्छ । यसमा भएको केही तत्वको अलि गडबडीले आमजनलाई समस्या हुने र त्यसकै निहुँमा संघीयताविरोधीहरुले यसलाई खराब भन्ने र यसलाई सुधार्ने हाम्रो संघीयता पक्षधरका पार्टीले यसमा रहेको गडबड तत्वलाई सुधार नगर्नुले आम नागरिकमा वितृष्णा बढेको छ । हामीले विभिन्न व्यवस्थाका लागि आन्दोलन गर्यौँ । अब आमनागरिकको आर्थिक विकासको दृष्टिकोणले आर्थिक क्रान्ति कसरी ल्याउने भन्ने लक्ष्य राजनीतिक दलको हुनुपर्छ ।

***पुराना दलहरुबारे के सोच्नुहुन्छ ?***

अहिलेसम्म जतिको राजनीतिक परिवर्तन भएको छ । त्यसमा सबै दलको आफ्नो समयअनुसारको योगदान छ । पुरानो दलले ठूलो भूमिका खेलेको छ । विभिन्न आन्दोलनको अगुवाइमा गरेको छ भन्ने क्षेत्रीय पार्टी रहेर पनि काम गरेको पार्टीहरुको आफ्नो योगदान छ ।

***नयाँ पार्टीहरुबारे के धारणा छ ?***

यसमा मेरो अलि फरक सोच छ, पुरानो दलको समयअनुसार आफ्नै संघर्षको कथा छ । जुन बिर्सनु हुँदैन । तर अहिले उनीहरुमा युवा पुस्ताप्रतिको जुन सोच छ, युवा पुस्तालाई नेतृत्वदायी भूमिकामा ल्याउनुपर्ने भन्ने जुन सोचको हुनुपर्ने हो त्यसमा उनीहरु चुकिरहेका छन् । त्यसैले नयाँ पुराना जुनसुकै दलको तीनको आफ्नै भूमिका छ । त्यसलाई बिर्सनु हुँदैन ।

***कान्छो अध्यक्ष हुनुहुन्छ, युवापुस्तालाई के भन्न चाहनुहुन्छ ?***

युवापुस्ता जो हरेक परिवर्तनको सम्बाहक भनिन्छन् । हामी कान्छोको लिस्टमा पर्छौँ । तर कान्छो भए पनि हाम्रो जिम्मेवारी जनप्रतिनिधिको हो, जनप्रतिनिधिले निर्वाह गर्नुपर्ने जिम्मेवारी निर्वाह गर्नुपर्छ । युवा पुस्ता भएर के बिर्सनु हुँदैन भन्ने हामी युवा पुस्ता यो समाजको त्यो शक्ति हौँ जसले हरेक परिवर्तनमा आफ्नो विशेष किसिमको योगदान पुर्याएको हुन्छ । युवापुस्तासँग पुस्ताकै पहिचान जोडिएको हुनाले यसले अरु भन्दा बेस्ट दिएर काम गर्नुपर्ने हुन्छ । युवा पुस्ताकै कारण राजनीतिमा विश्वास गर्न थालेका नागरिकको विश्वास कायम रहने काम गर्नुपर्छ । अर्थपूर्ण काम गर्न सक्रियता र इमान्दारीपूर्वक लागिपर्नु पर्छ ।

***संघीय सरकारबाट कतिको सहयोग पाउँदै हुनुहुन्छ ?***

सिंहदरबारको कर्मचारी संरचना हेर्नुहोस्, स्थानीय सरकारमा कर्मचारीको खटनपटन संघीय सरकारले गर्ने व्यवस्था संविधानमा गर्ने, हामीले आफ्नो स्रोतसाधनले कर्मचारी व्यवस्था गर्न सक्ने अवस्था छैन ।

तर सिंहदरबारको कर्मचारी संरचना हेरौँ, कृषिको मन्त्रालय त्यहीँ हुने, कृषिको कार्यालय त्यहीँ हुने फेरि जिल्लामा आएर कृषि कार्यालय हुने, हामीसँग केही पनि नहुने हामीसँग भएको कर्मचारी पनि नदिने, अझ पनि हामी कर्मचारी प्रशासनमा संघीय निजामती ऐन नल्याए दिने, भन्दाखेरि सेवाप्रवाहको मूलथलो स्थानीय सरकार हुने तर हामीलाई जनशक्ति नदिने अहिले पनि वित्तीय संघीयताको नेपाल जस्तो खिल्ली कहीँ उडाइरहेको छैन । हामीलाई सीमित सिलिङमा राख्न दिने, अर्कोचाँहि सिंहदरबारमा बसेर एनालाइसिस गरेको भरमा सशर्त अनुदानमा तोकिएर पैसा पठाउने गर्छ । आश्चर्य लाग्छ, हाम्रो पालिका उखु पाकेट कार्यक्रमको पैसा आउँछ, यहाँको स्थानीय उखुको काम गर्दैन । त्यो पैसा फ्रिज हुन्छ, हामी केही गर्न सक्दैनौँ । त्यही पैसा हामीलाई पठाइदियो भने हामीले त्यो आलुखेतीमा हुन्छ कि धानखेतीमा हुन्छ कि हामी गर्छौं नि ।

संघीयतालाई हेर्ने जुन नजर फरक भएछ, मलाइ लाग्छ कि सिंहदरबारमा बसेको ठेकेदार जो आफूलाई सबै कुरा ठान्दछन् र केही कर्मचारी प्रशासनको ठेकेदारै भनौँ, उनीको मानसिकता अहिले पनि संघीयतालाई सबल बनाउने भन्दा पनि निहित स्वार्थमा कसरी यसलाई टिकाइराख्नु भन्ने सोच छ । यसले संघीयताप्रति वितृष्णा लागेको हो कि भन्ने विषयमा समयमा यसमा समयमै सचेत हुनु आवश्यक छ ।

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# संसदीय दलका नेता साहलाई पदबाट राजीनामा गर्न दबाब





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेश प्रदेशका नेता भरत साहलाई राजीनामा दिन निर्देशन दिएका छन् । नेकपा माओवादी केन्द्र मधेश प्रदेशका संसदीय दलका नेता साहलाई दुई महिनाभित्र दलको नेताबाट राजीनामा दिन निर्देशन दिएका हुन् । मधेश प्रदेशको अर्थमन्त्री भएको बेला साहले व्यापक मनमौजी गर्दै आफू खुसी योजना बाँडेको, संसदीय दलका सदस्यहरुलाई समेट्न नसकेको तथा पटक–पटक केन्द्रको निर्णय विपरीत सरकार ढाल्न चलखेल गरेको आरोप खेप्दै आएका उनलाई प्रचण्डले राजीनामा दिन निर्देशन दिएको बैठकमा सहभागी एक प्रदेशसभा सदस्यले जानकारी दिए । मधेश प्रदेशका दुई तिहाइ प्रदेशसभा सदस्यहरुले संसदीय दलका नेता भरतप्रसाद साहलाई पदबाट हटाउन गत असार २५ गते अविश्वास प्रस्ताव पेश गरेका थिए ।

दलको नेतृत्वको विषयमा आफूहरुको विश्वास गुमेको कारणले ६ जना सांसदले साहविरुद्ध अविश्वासको प्रस्ताव पेश गरेका थिए । मधेश प्रदेशमा माओवादीका ९ जना प्रदेश सभा सदस्य छन् ।

तीमध्ये प्रमुख सचेतक फकिरा महतो, जवाहर कुशवाहा, रजी हैदर, सुनिता यादव, माला कुमारी कर्ण र रहबर अन्सारीले हस्ताक्षर गरी साह विरुद्धको अविश्वास प्रस्ताव उपनेता समिर भट्टराई समक्ष बुझाएका थिए ।

# दाइजोको लोभमा छोरीलाई मारिएको बुवा सुरेन्द्रको आरोप


राजु साह


राजुका बुवा किशोरी साह र आमा लक्ष्मी देवी


रजन्ती कुमारी

**मधेशदृष्टि**
**वीरगंज ।**
दाइजो प्रथा तथा महिला हिंसाका घटनाहरु मधेश प्रदेशमा बढ्दै गएको छ । गत भदौ १ गते शनिबार बाराको जीतपुर सिमरा उपमहानगरपालिकाको वडा नं. ५ बकुलिया गाउँमा एक जना महिलाले पासो लगाएर आत्महत्या गरेको घटना बाहिरिएको छ । पर्साको बिन्दबासिनी गाउँपालिका वडा नं. ३ इटिहाईका सुरेन्द्र साहले करिब ४ वर्ष पहिले आफ्नी माइली छोरी रजन्ती कुमारीको विवाह बकुलियामा गरेका थिए ।

बकुलियाका किशोरी साहका छोरा २४ वर्षीय राजु साहसँग विवाह गरेकी रजन्तीले २२ वर्षकै उमेरमा ज्यान गुमाउन परेको छ । परिवारिक सहमतिमा तय भएका मध्ये मोटरसाइकलबाहेक सबै सामान दिएर सुरेन्द्र साहले छोरीलाई अन्माएका थिए । सुरुवातमा मोटरसाइकल ल्याउन रजन्तीलाई ससुराली पक्षबाट सासु, ससुरा र श्रीमान्ले दबाब दिएपनि मानसिक दबाब भोगेपनि खासै उनले शारिरीक हिंसा खेप्नु परेको थिएन, बीचबीचमा साना तिना समस्या आएपनि घरपरिवारले आपसमा बसेर मिलाएको मृतककी बुवा सुरेन्द्र बताउँछन् ।

विवाह भएको करिब दुई वर्ष पछि रजन्तीले छोरा पाइन् । छोरा पाएपनि घर परिवार सबै खुसी भए । त्यसपछि ज्वाई राजुले दाइजोमा बाँकी रहेको मोटरसाइकल दिन छोरीमार्फत दबाब दिन थालेको सुरेन्द्र बताउँछन् । जेन तेन गरेर सुरेन्द्रले ज्वाईलाई मोटरसाइकल दिए । तर, केही दिन पछि, रजन्तीले पाएको छोरा मेरो होइन भन्दै ज्वाई राजुले छोरीलाई मानसिक र शारिरीक तनाव दिन थालेको थाहा पाएको बुवा सुरेन्द्र बताउँछन् । 'बच्चा मेरो होइन भनेर ज्वाई राजुले छोरीलाई कुटपिट गर्ने, सासु ससुराहरु पनि विभिन्न कुरा भनेर छोरीलाई टर्चर दिन थालेका थिए, छोरीले आफ्नी आमालाई फोनमा बताउने गर्थिन्', बुवा सुरेन्द्र भन्छन्, 'राजुले नयाँ नयाँ बहाना बनाउँदै एक पछि एक लाल्छना गलाएर छोरीलाई कुटपिट गर्न थालेका थिए ।'

विवाद बढ्दै गएपछि पटक पटक पञ्चायती बसेर समस्या समाधान गर्न कोसिस गरेको पीडित सुरेन्द्र बताउँछन् । तर, पञ्चायतीमा ज्वाईले छोरीलाई राम्ररी राख्ने, हेरविचार गर्ने भनेपनि निरन्तर कुटपिट गर्ने, टर्चर दिने जस्ता पीडा दिने गरेको उनी बताउँछन् ।

पटक पटक बसेर ज्वाईलाई बुझाउने काम भयो, गाउँघरका सबैले सम्झाए, कहिले मिलेर बस्ने कहिले झैझगडा भइरहेको थियो । तर, गत असार १३ गते रजन्तीलाई ससुराली पक्षले कुटपिट गरेपछि उनी माइत आइन् ।

कुटपिटविरुद्ध उनको परिवारले जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । प्रहरी परिषरमा छलफल गरेर राजुले अब उपरान्त श्रीमतीलाई राम्ररी राख्ने, नागरिकता बनाइदिने र छोराको अपनत्व लिने लिखित प्रतिवद्धता गरे । 'प्रहरीको उपस्थिति र सबैको सहमतिमा कुरा मिल्यो, हामी छोरीलाई केही दिन माइतमा राखेर सम्झाई बुझाई ससुराली विदाइ गर्यौं ।', बुवा सुरेन्द्रले भने, 'त्यसपछि केही दिन सबै ठिक थियो केही गुनासो आएन, उनीहरु मिलेर बसेका थिए, तर, अचानक यस्तो खबर सुन्नु पर्यो ।'

भदौ १ गते शनिबार रजन्तीले पासो लगाएको घटना बाहिरियो । 'छोरीले आत्महत्या गरेको फानेमा खबर आयो, मैले सुन्ने बितिकै यो आत्महत्या होइन, मेरो छोरीलाई मारेका हुन भनेर म त्यहाँ पुगे ।' बुवा सुरेन्द्रले भने, 'त्यहाँ पुगेपछि थाहा पाए प्रहरी नपुग्दै घाटीबाट सल निकालिएको थियो । आत्महत्या हो भने त प्रहरीलाई बोलाउनु पथ्र्यो तर त्यसो गरिएको थिएन्, मेरो छोरीलाई मारियो ।'

जिल्ला प्रहरी कार्यालयले अहिले घटनाको छानबिन गरिरहेको छ । सोही क्रममा आइतबार प्रहरी राजु साह, उनका बुवा किशोरी साह र आमा लक्ष्मी देवीलाई पक्राउ गरि थुनामा राखेको छ ।

रजन्तीलाई पटक पटक दाइजो र छोराको कुरालाई लिएर दबाब र तनाव दिइएको मृतककी दाई पर्ने पवन साहको भनाई छ । प्रहरीले घटनाको राम्ररी छानबिन गरेर सत्यतथ्य बुझेर दोषीलाई कारबाही गरोस भन्ने पवनको माग छ ।

यता, बारा प्रहरीले छानबिन भइरहेको र मृतकको पोस्टमार्टम रिपोर्ट आइनसकेको अवस्थामा अहिले केही भन्न नसक्ने बताएको छ ।

# जनलोकपाल आयोगलाई जनशक्तिको अभाव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनलोकपाल आयोगलाई आवश्यक स्रोतसाधन एवं जनशक्तिको अभाव भएको छ ।

मधेश प्रदेश सरकारले प्रदेशमा सुशासन कायम गर्ने उद्देश्यले तीन वर्ष अगाडि उक्त आयोग स्थापना गरेको थियो । साथै प्रदेश सरकारले जनगुनासोलाई सम्बोधन गर्न उक्त आयोगको परिकल्पना गरेको थियो । आयोगका अध्यक्ष रामसहाय राय यादवले भने, 'आफूले आयोगको जिम्मेवारी सम्हालेको तीन वर्ष पूरा हुन लाग्यो । सुशासन प्रवर्द्धनका क्षेत्रमा चाहेजति काम गर्न नसकेको छैन । प्रदेश सरकारले नै 'आयोग सक्षम होस्' भनेर नचाहेको जस्तो देखिएको उनले गुनासो गरे । आयोगका सदस्य राजकिशोर साहले प्रदेशमा सुशासन कायम गर्न आयोगले चाहेजस्तो कार्य सम्पादन नसकेको बताए । आयोगमा दर्ता हुने उजुरीमाथि आवश्यक छानबिन गर्ने तथा आवश्यक देखिएमा थप अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सिफारिस गर्ने नीति उक्त आयोगको रहेको बताइएको छ । आयोगको तीन वर्षका अवधिमा ४२ उजुरी दर्ता भएको आयोगले जनाएको छ ।

# निर्वाचनको माग गर्दै औषधि व्यवसायी सडकमा



**मधेशदृष्टि**
**वीरगंज ।**
स्थगित निर्वाचन गराउन माग गर्दै नेपाल औषधि व्यवसायी संघ पर्सा सडकमा उत्रिएको छ । शनिबार वीरगंजमा निर्वाचनको माग गर्दै औषधि व्यवसायीहरु सडकमा उत्रेका हुन् । नेपाल औषधि व्यवसायी संघ पर्साको दोश्रो अधिवेशन गत असार ८ गते सम्पन्न हुँदै गर्दा निर्वाचन भने स्थगित भएको थियो । निर्वाचनमा अध्यक्ष पदको उम्मेदवार मानव राजपालको नेतृत्वमा शनिबार औषधि व्यवसायीहरु वीरगंजको घण्टाघरमा जम्मा भएर विभिन्न नारा अंकित हाते प्लेकार्ड बोकी नारा लगाउँदै नगर परीक्रमा पश्चात् संघको कार्यालय पुगी कोणसभामा परिणत भएको थियो । अधिवेशनमा आफू हार्ने निश्चित देखेर विपक्षी उम्मेदवारहरुले निर्वाचन स्थगित गरेको उनीहरुको आरोप छ ।

नेपाल औषधि व्यवसायी संघ केन्द्रिय समितिको निर्णयलाई आफुखुशी अपव्याख्या गरि मनोमानी तरिकाले जिल्ला शाखा अघि बढेकोमा केन्द्रिय समितिको ध्यानाकर्षण भएको भन्दै निर्वाचन समितिको कार्यालय नेपाल औषधि व्यवसायी संघ पर्सा जिल्ला शाखालाई थप प्रमाण सहित स्पष्टताका साथ केन्द्रिय समितिलाई जानकारी गराउन पत्र पठाएको थियो । तर पनि अटेर गरि करिब २ महिना देखि उहाँहरु निर्वाचन गर्न नै नचाहेको राजपालको आरोप छ ।

'पूर्व अध्यक्ष लगायत प्रदेश समितिका आफन्तलाई मिलाएर सहमतिमा कार्यसमिति बनाउने खबर आफुहरुले पाएर श्रावण २६ गते बैठकमा जादा त श्रावण १९ गते शनिबारको मिति हालेर पदाधिकारी सदस्यहरुलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरिएको देख्दा आफुहरु निकै दुखका साथ आर्श्चयमा परेका थियौ । जबकी सो प्रमाण पत्रमा १९ गते नै राजिनामा गरिसकेका निर्वाचन अधिकृतको हस्ताक्षर रहेको थियो । यो सरासर बेईमानी मात्र हैन अपराध नै हो', राजपालले भने । अब अविलम्ब निर्वाचन गराई औषधि व्यवसाय एवं व्यवसायी प्रतिको साख सम्मान जोगाउन उनले आग्रह गरे ।

# रोटरी क्लब अफ जनकपुरधामको पद हस्तान्तरण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
रोटरी क्लब अफ जनकपुरधामका नवनिर्वाचित पदाधिकारीहरुको पद ग्रहण गरेका छन् । क्लबका संस्थापक सभापति विजय झुनझुनवाला र जनकपुरधामका मेयर मनोजकुमार साहको विशेष उपस्थितिमा अध्यक्ष प्रमोद अग्रवाललाई निवर्तमान सभापति चन्द्रशेखर अग्रवालले पदको जिम्मेवारी हस्तान्तरण गरेका थिए ।

संस्थाको प्रेसिडेंट इलेक्टमा ललितकुमार बजाज, प्रथम उपाध्यक्ष प्रमोदकुमार चौधरी, द्वितीय उपाध्यक्ष मनोजकुमार अग्रवाल, सचिव आशिष ठाकुर, सहसचिव प्रभास झा, कोषाध्यक्ष निशा महासेठ, निर्देशकमा प्रमोदकुमार चौधरी, जीवेन्द्र झा, अमित साह, प्रदीप शाह रहेका छन् ।

कार्यक्रममा रोटरी क्लब अफ वीरगंजका सभापति निर्मल खत्री, महानगर रोटरी क्लब अफ वीरगंजका सभापति अनिल जायसवाल लगायतले आफ्नो धारणा राखेका थिए ।

# बिहारमा भाजपाको सदस्यता अभियान शुरु



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
भारतीय जनता पार्टी(भाजपा)ले बिहारको नालन्दा जिल्लामा सदस्यता अभियानको शुरुवात गरेको छ ।

सदस्यता अभियानमा प्रमुख अतिथि बिहार प्रदेश महिला मोर्चाका पूर्व अध्यक्ष सहसंयोजक लाजवन्ती झाले नालंदामा अभियानबाट धेरै भन्दा धेरै सदस्य बनाउन आग्रह गरिन् । उनले जिल्लामा भाजपाका जिम्मेवार नेता कार्यकर्ताहरुले धेरै सदस्यहरू बनाउनमा जोड दिनुपर्छ । कार्यक्रमलाई सम्बोधन गर्दै उनले भनिन्, 'भाजपा विश्वको सबैभन्दा ठूलो पार्टी भएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीको कामको विश्वभर प्रशंसा भइरहेको छ ।' कार्यक्रममा जिल्ला उपाध्यक्ष आश्रिती शर्मा तथा भाजपाका पदाधिकारी तथा जिल्लाभरका कार्यकर्ताहरुको ठूलो संख्यामा सहभागिता रहेको थियो ।

# एक महिनामा तीन अर्ब बढीको 'स्मार्टफोन' आयात

**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८१÷ ८२ को पहिलो महिना नेपालले कुल एक खर्ब ४० अर्ब ६० करोड ३२ लाख रुपैयाँ बराबरको वैदेशिक व्यापार गर्दा एक खर्ब १६ अर्ब १५ करोडको घाटा व्यहोरेको छ । भन्सार विभागले सार्वजनिक गरेको चालु आवको पहिलो महिनाको वैदेशिक व्यापारसम्बन्धी तथ्याङ्कअनुसार गत साउनमा नेपालले एक खर्ब २८ अर्ब ३७ करोड ७१ लाख रुपैयाँ बराबरको वस्तु आयात गर्दा १२ अर्ब २२ करोड ६१ लाख रुपैयाँको मात्रै निर्यात गरेको हो । विभागका अनुसार गत आर्थिक वर्षको सोहि अवधिको तुलना चालु आवको पहिलो महिनामा आयात शून्य दशमलव ६७ प्रतिशतले घटेको छ भने निर्यात नौ दशमलव ६३ प्रतिशतले घटेको छ । गत साउन महिनामा नेपालले भारतसँग मात्र ७० अर्ब १० करोड ४२ लाख रुपैयाँ बराबरको व्यापार घाटा व्यहोरेको विभागले जनाएको छ । चालु आवको पहिलो महिना भारतबाट ७७ अर्ब ६८ करोड ३१ लाख बराबरको आयात हुँदा सात अर्ब ५७ करोड ८८ लाखको निर्यात भएको हो । नेपालले दोस्रो ठूलो वैदेशिक व्यापार गर्ने अर्को छिमेकी मुलुकसँग यस अवधिको व्यापार घाटा २४ अर्ब ३८ करोड ४७ लाख रुपैयाँ बराबर छ । गत साउनमा चीनबाट २४ अर्ब ५४ करोड २३ लाखको आयात हुँदा १५ करोड ७६ लाख बराबरको मात्रै निर्यात भएको हो । कतार, युक्रेन, अस्ट्रेलिया, बहराईन, मलेसियालगायतका मुलुकसँग पनि नेपालको व्यापार घाटा उच्च छ ।

चालु आवको पहिलो महिनामा नेपालले वैदेशिक व्यापार गरेका मुलुकहरुमध्ये १३ मुलुकसँग भने व्यापार नाफा छ । सबैभन्दा धेरै संयुक्त अधिराज्यसँग १८ करोड ३४ लाख ६६ हजार रुपैयाँ बराबर व्यापार नाफा देखिएको हो । अफगानिस्तान, बेल्जियम, रुस, मौरिससलगायत मुलुकसँग व्यापार नाफा देखिएको छ ।

नेपालले बढी आयात गर्ने वस्तुहरुमा पेट्रोलियम पदार्थ, फलामजन्य वस्तु, स्मार्टफोन, कच्चा सूर्यमुखी तेललगायत छन् । गत एक महिनामा मात्र नेपालले छ अर्ब ९८ करोड ७१ लाख रुपैयाँ बराबरको डिजेल, पाँच अर्ब ६९ करोड ३५ लाख बराबरको पेट्रोल र चार अर्ब ८२ करोड ६६ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ । त्यस्तै, साउनमा तीन अर्ब ४६ करोड ६३ लाख रुपैयाँ बराबरको स्मार्टफोन आयात भएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ । नेपालले बढी निर्यात गरेका वस्तुहरुमा भने कार्पेट, चिया, स्टील, धागोलगायत छन् । गत साउनमा नेपालले एक अर्ब ११ करोड ७५ लाख रुपैयाँ बराबरको कार्पेट निर्यात गरेको छ । रासस

# बीवाईडी ATTO 3 को नयाँ मोडल लञ्च



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रिमियम चाइनिज ब्रान्ड बीवाईडीले BYD ATTO 3 विद्युतीय कारको नयाँ मोडल लञ्च गरेको छ । शुक्रबार वीरगंजको गण्डकमा सोरुम स्थापना गरेको निरज अटोमोबाइल प्रा.लिले शनिबार गाडीको नयाँ मोडल लञ्च गरेको हो । नयाँ मोडलमा केही नयाँ सुविधाहरु थपिएको छ । निरज अटोमोबाइलका अध्यक्ष आकाश सर्राफका अनुसार गाडीको टायर चौडा, स्क्रिन ठूलो, सिम लागउन मिल्ने सुविधा, बीवाईडीको नयाँ एप लञ्च भएको छ, त्यसबाट गाडीको अवस्था हेर्न सकिन्छ । गाडीको ब्याट्रिको अवस्था, टायरको हावा, प्रेसर आदी एपबाट हेर्न मिल्ने बताए । गाडीको मूल्य ६७ लाख ८० हजार रुपैयाँ रहेको छ ।

बीवाईडी ब्राण्डका गाडी वातावरण मैत्री भएको हुँदा अत्यधिक रुचाइएको छ । विद्युतीय गाडी चलाउन पनि सहज, खर्च पनि कम र यात्रा पनि आरामदायी हुने उनले बताए । आवश्यकता अनुसार चार्ज गरेर चलाउन सकिने र एक पटक फूल चार्ज भएमा ४ सयदेखि ५ सय २० किलोमिटरसम्मको यात्रा सहज रुपमा गर्न सकिने उनले जानकारी दिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन